ट्राफिक नियमको पालना गरौं ।
- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं,
- सडक बत्ती हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारीसाधन पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारीसाधन पार्किङ गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकाशे पुलको प्रयोग गरौं ।
**सडक दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।**
नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर १० गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 26 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८८

## रौतहटको मतगणना सकियो, बारामा अझै जारी

प्रस, वीरगंज, ९ मङ्सिर/

रौतहट जिल्लामा मतगणना सकिएको छ र चार प्रतिनिधि सभा र आठ प्रदेशसभा सदस्यको निर्वाचन परिणाम सार्वजनिक भएको छ भने बारा जिल्लामा एकप्रतिनिधिसभा सदस्य र दुई प्रदेशसभा सदस्यको मतगणना अझै जारी छ ।


अच्युत मैनाली


प्रभु साह

पर्सामा बिहीवार प्रत्यक्षतर्फको मतगणना सकिएको थियो भने समानुपातिकतर्फको मतगणना आज शुक्रवार सकिने गरी गणना जारी छ । रौतहट जिल्लामा भने प्रत्यक्षतर्फको मतगणना शुक्रवार सकिएको हो ।

आज घोषित मत परिणाम अनुसार क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवार किरण साहले नेकाका उम्मेदवार महमद फिर्दोश आलमलाई ४,५९४ मतान्तरले पराजित गरे । साहले ३२,८४२ मत ल्याए भने आलमले २८ हजार २४८ मत ल्याए ।

यसैगरी क्षेत्र नं ३ बाट पनि स्वतन्त्र उम्मेदवार प्रभु साह आफ्ना निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार ओमप्रकाश जयसवाललाई ७,२३७ मतान्तरले पराजित गरेर दोस्रोपटक प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन् । उनले ३२,२३७ मत पाए भने जसवालले २५,२०० मत पाएका थिए । रौतहट जिल्लाको अन्य उम्मेदवारहरूको मत परिणाम बिहीवार घोषणा गरिएको थियो ।

बारा जिल्लामा भने अझै मतगणना जारी छ ।

प्रतिनिधिसभा सदस्यका लागि क्षेत्र नं २ मा मतगणना भइरहेको छ भने प्रदेशसभा सदस्यका लागि क्षेत्र नं १ (१) र क्षेत्र नं ३ (२) को मतगणना जारी छ।

प्रतिनिधिसभा सदस्यमा माओवादी केन्द्रका शिवचन्द्र कुशवाहाले ११,०२५ मतले अग्रता बनाएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी जसपाका रामसहाय यादवले १०,६८४ मतले पछ्याइरहेका छन्।

प्रदेशसभा सदस्य १(१) मा एमालेका त्रिलोकी चौधरी १६,७९८ मतले अगाडि छन् भने दोस्रोमा नेकाका रमेश दङ्गालले १४,२७० मत ल्याएका छन् ।

यसैगरी क्षेत्र नं ३-२ मा एमालेका महमद सगीर ७,७६९ मतले अगाडि छन् भने दोस्रोमा जसपाका पारसप्रसाद साह ७,५११ मतले पछ्याइरहेका छन ।

आज भएको मत परिणाममा प्रतिनिधिसभामा क्षेत्र नं १ बाट अच्युत मैनाली ३९,१९५ मत पाएर विजयी भए भने उनका निकटतम प्रतिद्वन्द्वी नेका उमाकान्त चौधरीले ३०,०५९ मत पाए ।

यसैगरी क्षेत्र नं २ बाट एमालेकै ज्वाला साह २०,२४१ मत ल्याएर विजयी भइन् । उनका निकटतम प्रतिद्वन्द्वी जसपाका रामबाबूप्रसाद यादवले १७,२६१ मत पाए ।

प्रदेशसभातर्फ आज भएको मत परिणाम घोषणानुसार क्षेत्र नं १ (२) बाट जसपाका सरोज यादव १५,९२७ मत पाएर विजयी भए। उनका निकटतम प्रतिद्वन्द्वी नेकाका नागेन्द्र साहले ११,०४० मत पाए ।

यसैगरी क्षेत्र नं २ (१) बाट स्वतन्त्र उम्मेदवार शारदाशङ्कर कलवारले ९,२९५ मत पाएर विजयी भए भने निकटतम प्रतिद्वन्द्वी एमालेका बलवीर चौधरीले ६,८६७ मत पाए । बाँकी क्षेत्रको मत परिणाम बिहीवार सार्वजनिक भइसकेको छ ।

## मतदाता भन्छ, मनकारी उम्मेदवार भेटिएन

प्रस, वीरगंज, ९ मङ्सिर/

हालै सम्पन्न सङ्घ तथा प्रदेश चुनावमा मतदाताहरूले लायक उम्मेदवार नभए पनि भएकैलाई छानेर जिताएको बताएका छन् ।

आफूले मत दिएर चुनावमा जिताएका उमेदवारसँग पनि मतदाता खुशी छैन । पटकपटक चुनाव जितेर पनि जनताको समस्या समाधानमा उनीहरूले रुचि लिएनन् । इच्छित उम्मेदवार नहुँदा प्रतिस्पर्धी उम्मेदवारमध्ये राम्रो व्यक्तिलाई छनोट गरेको पोखरिया नगरपालिका, वसन्तपुरटोल निवासी ७० वर्षीय रघुनाथ भगत बताउँछन् ।

गाउँका अधिकांश बूढापाका, युवा, महिलाले प्रतिस्पर्धामा रहेकामध्ये कम कमसललाई मत दिएर जिताए पनि खुशी प्राप्त नभएको प्रतिक्रिया दिएका छन् ।

दुई गठबन्धनको करबलले उम्मेदवार बनेकामध्ये एकको छनोट गर्नुपर्ने बाध्यकारी अवस्थाले मात्र मत दिनुपरेको भक्तको भनाइ थियो। लोकतन्त्रमा यस्तो परिपाटी गलत भएको उनी टिप्पणी गर्छन्। आफ्नोभन्दा राम्रोलाई जिताउने वातावरण बनाउनुपर्छ, सबै दलका प्रतिनिधि चुनावी प्रतिस्पर्धामा उत्रनुपर्छ अनि मात्र जनताले रोजेर प्रतिनिधि छनोट गर्छ र विजयी उम्मेदवार पनि मतदाताप्रति उत्तरदायी हुन्छ ।

जनताले गत चुनावमा जिताएका उम्मेदवार एकपटक पनि भेट्न नआएको उनको गुनासो छ ।

राम्रो उम्मेदवार चाहेको हो तर गठबन्धनले जनभावनाविपरीत उम्मेदवार पठाएको तर्क लङ्गडी निवासी दलसिगार साह कानू भन्छन् ।

दलगत स्वार्थमा देशलाई अहिलेसम्म धरापमा पार्दै आएका तथा जनताका लागि बाध्यकारी वातावरण बनाउने पार्टीहरूलाई यसपालि जनताले राम्रो सबक सिकाएको कानूको भनाइ थियो । विगतमा जनताले अस्वीकार गरेका नेतालाई होइन, नयाँ सोच, विचार तथा भ्रष्टाचारमुक्त देश बनाउने अभियानमा जुटेका तथा किसानको समस्या बुझ्ने नेताको अवश्यकता रहेको कानूको भनाइ छ ।


रघुनाथ भगत

लङ्गडी निवासी राजकुमार गुप्ताले उम्मेदवारहरूले पैसाको खोलो बगाएर चुनाव जितेको प्रक्रिया दिए। यसपालिको चुनावमा पैसोको खोलो बगेको छ, जित्नका लागि मुद्दा अघि सार्नुको साटो पैसाको बिटो देखाएर मतादातालाई लोभमा पारेको उनको भनाइ थियो ।

## रिजाल र चौधरीलाई फरक ढङ्गको सम्मान

प्रस, वीरगंज, ९ मङ्सिर/

नवनिर्वाचित उम्मेदवारलाई उनका कार्यकर्ताहरूले फरक-फरक तरीकाले सम्मान तथा स्वागत गर्नु नयाँ कुरा होइन ।

हामीले हेर्दै आएका छौं, कसैले २ क्विन्टलको माला, चाँदीको मुकुटलगायत उपहारबाट विजयी जनप्रतिनिधिहरूको सम्मान गरिँदै आएको छ ।

सोही अनुसार पर्सा निर्वाचन क्षेत्र ४ का प्रतिनिधिसभा सदस्य रमेश रिजाल तथा प्रदेशसभा सदस्य शङ्कर चौधरीलाई जिराभवानी गापाको महादेवपट्टिका बासिन्दाले फरक ढङ्गले सम्मान गरेका छन् ।


रमेश रिजाल


शङ्कर चौधरी

नवनिर्वाचित दुवैजनालाई त्यहाँका बासिन्दाले नेताहरूको वजन बराबर लड्डुले तौलेर सम्मान गरेका छन्। दुवै नेताको वजन बराबरको लड्डू पछि गाउँमा वितरण गरिएको युवा नेता नवीन सिंहले बताए ।

परिणाम घोषित भएपछि विजयी दुवैले कार्यकर्ता तथा मतदातासँग भेटघाट गर्न जुलूससहित गाउँ परिक्रमा गरेका थिए । सोही क्रममा दुवै नेताहरूलाई सम्मान गरिएको सिंहले बताए। विधायक शङ्कर चौधरी ७५ केजी तथा प्रतिनिधिसभा सदस्य रिजाल ६० केजी रहेको सिंहले बताए ।

## १३ जना नाबालिकासहित एकजना नेपाली बालिकाको उद्धार

नितेश कर्ण, वीरगंज, ९ मङ्सिर/

मानव बेचबिखनविरुद्ध एकाइ मिशन मुक्ति फाउन्डेशन, उद्धार फाउन्डेशन, बाल कल्याण समिति, महिला थाना बेतिया, लौरिया थाना र चाइल्ड लाइन बेतियाले आसामकी एक नाबालिकालाई बेतियाबाट मुक्त गराएका छन् ।


छापामारी गर्दै प्रहरी र उद्धार गरिएकी नाबालिकाहरू । तस्वीरः प्रतीक

विवाह गराइदिने प्रलोभन दिएर आसामबाट युवती ल्याएको भनी पीडित बालिकाका अभिभावकले दर्ता गराएको एफआइआर अनुसार अनुसन्धान गर्दा आसामकी एकजना बालिकाको खोजी गर्न गरिएको छापामारीमा भारतको विभिन्न स्थानका १३ जना नाबालिकाको उद्धार भएको इन्सपेक्टर मनोज शर्माले बताए ।

छापामारीको क्रममा एकजना नेपाली बालिकाको पनि उद्धार भएको उनले बताए ।

मानव बेचबिखनविरुद्ध एकाइ मिशन मुक्ति फाउन्डेशनको अगुवाइमा रेस्क्यु फाउन्डेशन, बाल कल्याण समिति, महिला थाना बेतिया, एएचटीयु बेतिया, लौरिया थाना र चाइल्ड लाइन बेतियाले शङ्कास्पद आश्रयस्थलमा छापा मारेको र १३ जना नाबालिगसहित एकजना नेपाली नाबालिकाको उद्धार गरिएको इन्सपेक्टर शर्माले बताए। उनले बेतियाको विभिन्न शङ्कास्पद क्षेत्रमा छापामारी गरिएको सो क्रममा एक स्थानमा बन्धक बनाएर राखिएकी एकजना नेपाली बालिका र १३ जना भारतीय नाबालिकाको उद्धार गरिएको जानकारी गराए ।

## रौतहटले गरायो सबै प्रमुख पार्टीको प्रदेशसभामा प्रतिनिधित्व

प्रस, रौतहट, ९ मङ्सिर/

रौतहट जिल्लाले प्रदेशसभामा सबै प्रमुख पार्टीको प्रतिनिधित्व गराएको छ। एकबाहेक सबै नयाँ अनुहारलाई प्रदेश सभामा पठाएको रौतहटले नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र र जसपा नेपालका साथै स्वतन्त्र उम्मेदवारलाई पनि प्रदेशसभामा प्रतिनिधि बनाएर पठाएको छ ।

२०७४ को निर्वाचनमा रौतहट क्षेत्र नम्बर १ (क)बाट चुनाव जितेका बाबूलाल साह पराजित भएका छन्। उनको ठाउँमा नेपाली काङ्ग्रेसका नागेन्द्र यादवले चुनाव जितेका छन् ।

यसैगरी १ (ख)बाट चुनाव जितेका योगेन्द्रराय यादव पराजित हुँदा नेपाली

(बाँकी अन्तिम पातामा)

## महिला हिंसा घरबाट हटाउनुपर्छ –उपप्रमुख आलम

प्रस, वीरगंज, ९ मङसिर/

वीरगंज उपमहानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले महिला हिंसालगायत सामाजिक हिंसा पहिले आफ्नो घरबाट हटाउने प्रयास गर्नुपर्ने बताएका छन् ।

सभ्य समाजको पहिचान, लैङ्गिक हिंसाविरुद्ध अभियान भन्ने नाराका साथ, आजदेखि शुरू भएको महिला हिंसाविरुद्ध १६ दिने अभियानको शुक्रवार उद्घाटन गर्दै उपप्रमुख आलमले महिला हिंसा घरबाट हटाउन सके ठूलो उपलब्धि हुने बताए ।


तस्वीरः प्रतीक

वीरगंज महानगरपालिकाको आयोजनामा घण्टाघरबाट निस्केको र्‍याली नगरपरिक्रमा गरी सोही स्थानमा कोणसभा गरेर सकिएको थियो । र्‍यालीमा सहभागी विभिन्न सङ्घ संस्था, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विद्यार्थीहरूले घरेलु हिंसा बन्द गर, घरैदेखि शुरू गरौं, महिला हिंसा बन्द गरौं, महिलामाथि हुने हिंसा बन्द गर, कागजमा दिएको समानता व्यवहारमा लागू गर जस्ता नारा लेखिएको प्लेकार्ड बोकेका थिए ।

## विचारसार र सूक्तिहरू

**समयको बर्बादीले तपाईंलाई विनाशतर्फ लैजान्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# जनचाहना

**कुनै पनि मुलुकको प्रणाली जनचाहनाविपरीत चल्न सक्दैन । जबरजस्ती चलाउन खोजियो भने दिगो हुँदैन । हाम्रो मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेसँगै तीन तहको सरकार छ । स्थानीय, प्रदेश र सङ्घ सरकार । तीन तहमध्ये प्रदेश सरकारको औचित्यमाथि शुरूदेखि नै प्रश्न उठेको हो । यसपटकको चुनावमा केही उम्मेदवारहरूले प्रदेश सरकार खारेज गर्नुपर्ने सवाल उठाएका थिए । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, एमालेका चर्चित नेता गोकुल बाँस्कोटालगायतले प्रदेशसभाको औचित्य नभएको भन्दै प्रदेश तह हटाउनुपर्ने मुद्दा उठाए । प्रदेश खारेज गरी स्थानीय तहलाई शक्तिशाली तथा अधिकार सम्पन्न बनाउनुपर्ने उनीहरूको तर्क छ । प्रदेशसभा मुलुकको लागि अनावश्यक व्ययभार मात्रै भएको टिप्पणीकर्ताहरूको भनाइ छ । संविधानतः प्रदेशको मर्यादा सङ्घभन्दा तल र स्थानीय तहभन्दा माथि छ । बितेको कार्यकालमा प्रदेश सरकारका जिम्मेवार व्यक्तिहरूले प्रदेशको अधिकार सङ्घ तथा केन्द्र र स्थानीय तहबाट कुण्ठित गरिएको आरोप लगाइरहे । यसको मतलब प्रदेशसभा पालिकाभन्दा कमजोर वा महत्त्वहीन रहेछ भन्ने सन्देश पनि प्रवाह भइरहेको छ ।**

**स्थानीय तहको प्रमुख वा अध्यक्ष पदमा प्रतिनिधिसभाका पूर्व सांसद, पूर्वमन्त्रीलगातयतले उम्मेदवार बन्न चाहेको कुरा प्रकाशमा आइरहेकै हो । बितेको स्थानीय तह चुनावताका पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईसमेत नगरपालिकाको मेयरमा लड्ने चर्चा चलेको थियो । विदेशी मुलुकहरूमा यस्तो अभ्यास हुँदै आएको छ । "प्रदेशमा जो जाँदा पनि हुन्छ, तर पालिकामा उत्तम उम्मेदवारलाई मात्रै चयन गर्नुपर्छ" भन्ने जनचाहना पनि प्रकट भइरहेका छन् । पालिकाको चुनावमा हारेका व्यक्तिहरू प्रदेशसभा सदस्यमा निर्वाचित भइरहेका छन् । पालिका प्रमुखमा चुनाव लड्दा भोट नदिने उही जनताले सात महीना नबित्दै तिनै उम्मेदवारलाई प्रदेशसभामा जिताएर पठाएको छ । बितेको स्थानीय तह निर्वाचनमा रौतहट जिल्लाको गढीमाई नगरपालिकामा मेयर पदमा पराजित शेख अब्दुल कलाम आजाद अहिले प्रदेशसभा चुनावमा निर्वाचित भएका छन् । त्यसैगरी राजपुर नगरपालिकाको नगरप्रमुख पदमा पराजित जैद राजा प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । कहीं कतै आक्कलझुक्कल भए फरक कुरा हो । तर त्यसो होइन । शेख अब्दुललाई पाँच वर्ष पहिले पनि नगर प्रमुख पदमा जनमत जुटेन । उनलाई त्यतिबेला पनि प्रदेश सभामा भने जनमत जुट्यो । यसपटक उनी प्रदेशसभाको कार्यकाल सात महीना बाँकी छँदै स्थानीय तहमा उम्मेदवार बनेका थिए । तब पनि जनताले पत्याएन । प्रदेशसभामा भने फेरि उनै जिते ।**

**यसको मतलब प्रदेशभन्दा स्थानीय तह जिम्मेवार हो भन्ने नागरिक ठम्याइ रहेको प्रस्ट हुन्छ । उसो हो भने प्रदेशलाई शक्तिशाली वा औचित्यपूर्ण बनाउन के गर्नुपर्ला ? मुलुकको लागि प्रदेशसभा रहँदा हितकर कि नरहँदा हितकर ? अब तर्कसहितको सार्थक बहस चलाउनु जरूरी छ । जनताको नजरमा प्रदेशप्रति वितृष्णा छ र राजनीतिक दल साथै सङ्घ र स्थानीय तहले पनि प्रदेशलाई हेय दृष्टिले हेर्छ भने प्रदेश रहनु र नहनुको अर्थ हुँदैन । दलका नेता कार्यकर्तालाई भागबण्डा पुऱ्याउनका लागि मात्रै प्रदेशसभा आवश्यक परेको हो भने त्यो जनभावना अनुरूप हुन सक्दैन । यदि त्यसो होइन भने [redacted]सम्पन्न बनाउनैपर्छ ।**

# नेता जित्यो भन्दै नउफ्रिनु, तिनैले बजाउलान् टाउकोमा तबला

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**त्यसैले समस्या व्यक्ति वा पार्टीमा होइन । यसको जरा राजनीतिक, आर्थिक, सांस्कृतिक व्यवस्थाभित्र छ भन्ने कुरा बुझ्न जरूरी छ । त्यसकारण यो दलाल पूँजीवादी व्यवस्थाकै विकल्प खोज्नुपर्छ । अनि मात्र नेपालजस्तो विकासशील देशले विकास गर्न सक्छ ।**

यतिबेला सङ्घीय प्रदेशको निर्वाचन सकिसकेको छ । सम्पूर्ण सिटको मतपरिणाम आइसकेको छैन । मतगणना कार्य देशैभरि जारी छ । अहिलेसम्मको निर्वाचन परिणाम हेर्दा अपेक्षित नतीजा नै आएको छ । जसरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पहिलो निर्वाचन बाट बनेको झन्डै दुईतिहाई बहुमतको सरकारले जनसरोकारको विषयमा खासै काम गर्न सकेन । पार्टीगत आन्तरिक द्वन्द्व, त्यो पनि केवल कुर्सीको लागि गरेर एकले अर्कोलाई सिध्याउने खेल खेलेर जग हँसाउनेबाहेक अरू केही गर्न सकेन । त्यसैले जनता कुनै पनि पार्टीसँग खुशी थिएन । झन् दुईतिहाई बहुमतको आफ्नै सरकार ढालेर जनताद्वारा दण्डित गरिएको नेपाली काङ्ग्रेसजस्तो पार्टीको नेतृत्वमा नेकपा माओवादीले सरकार बनाएको जनतालाई पटक्कै मन परेको थिएन भन्ने कुरा अहिलेको निर्वाचन परिणामले स्पष्ट पारेको छ । २०७४ सालको निर्वाचनमा तेस्रो स्थानमा रहेको नेपाली काङ्ग्रेस यसपालि पहिलो स्थानमा उक्लेको छ, जबकि त्यति बेला दोस्रो स्थानमा रहेको नेकपा-माओवादी यति बेला चौथो स्थानमा झरेको छ । पहिलो स्थानमा रहेको नेकपा एमाले दोस्रो स्थानमा आएको छ । अब खिचडी सरकार बन्ने निश्चित छ । कुनै पनि पार्टीको बहुमत नआउने करीबकरीब टुङ्गो लागेको छ । दुईतिहाई बहुमतको सरकार ढलेर केही गर्न नसक्ने अवस्था भएको यो मुलुकमा अब फेरि बन्ने तिनै पार्टीहरूको खिचडी सरकारले के गर्ला ? यसले जन अपेक्षित विकास र समृद्धि ल्याउन सक्छ ?

के यो सरकार पूरा कार्यकाल बिताएर स्थायी सरकारको इतिहास कायम राख्न सफल होला ? नेपाली काङ्ग्रेससहितको चुनावी गठबन्धनकै पार्टीहरूको सरकार बन्ला वा फेरि वाम गठबन्धन गरी सरकार बन्ने हो खड्ग प्रसाद ओलीको नेतृत्वमा ? यतिबेला बुद्धिजीवी वर्गबाट विभिन्न प्रश्नहरू उठाइएको छ ।

एकथरीले भन्दैछन्-निर्वाचन परिणाम हेर्दा यी ठूला पार्टीहरूका अध्यक्षहरूले नैतिकताको आधारमा राजीनामा दिनुपर्छ । यिनीहरूसँग अध्यक्ष पदमा बसिरहने कुनै नैतिक अधिकार छैन ।

अर्कोथरीको भनाइ छ-रवि लामिछानेजस्ता बुर्जुवा राजावादीले आफू जितेपछि कसैले फूलको माला, खादा, गुच्छा लिएर धन्यवाद सभामा नआइदिन सार्वजनिक अपिल गरिसकेको अवस्थामा आफूलाई कम्युनिस्ट भन्नेहरू समग्रमा पार्टी हारेको, तर नेता मात्रै जितेको अवस्थामा फूलको माला, खादा र गुच्छाबीच ढल्किँदै के के न जिते जस्तो विजयी भएको नाटक गर्दा लाज लाग्नुपर्ने हो ।

केहीले भन्दैछन्-जनयुद्धलाई धोका दिएर काङ्ग्रेसजस्तो बुर्जुवा शक्तिसित केवल आफ्नो कुर्सी टिकाउन गरेको दक्षिणपन्थी गठबन्धनमा नेकपा माओवादीले धोकाबाहेक अरू के नै पाउँछ ?

अझै केहीले भन्दैछन्-अमेरिकी राष्ट्रपति ड्रोनाल्ड ट्रम्प राष्ट्रपतिबाट हटेपछि उनको निजी सम्पत्ति करोडौं डलर घटेको छ तर हाम्रो प्रधानमन्त्री तथा मन्त्रीहरू जो पदमा फटफटे चप्पल लगाएर आएको भएपनि पदबाट बाहिरिंदा नेपालको सबैभन्दा धनाढ्य व्यक्ति विनोद चौधरीभन्दा पनि बढी हाइफाईमा देखिन्छन् । अनि यस्ता नेताहरूले देश विकास गर्लान् भनेर कसरी पत्याउने ?

वास्तवमा यतिबेला उठेका यी सबै सवाल महत्त्वपूर्ण छन् । तर यस्ता सवाल गरिरहँदा हामी प्रायः के बिर्सछौं भने यो व्यवस्था दलाल पूँजीवादी व्यवस्था हो । यसमा जहिले पनि जनताको शोषण, दमन उत्पीडन मात्रै हुन्छ । यस व्यवस्था अन्तर्गत जनकल्याण, समानता, विकास तथा समृद्धि खोज्नु अबुझपन हो । भन्नलाई मानिस यो पनि भन्छन् कि भारतमा मोदीले निकै विकास गरेका छन् । नरेन्द्र मोदीको नेतृत्वमा बनेको भारतीय जनता पार्टीको सरकार निकै राम्रो छ, तर के यो कुरा साँचो हो ?

भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भूटान, बर्मा र नेपाल सबै ठाउँमा एकै प्रकारको राजनीतिक व्यवस्था छ, यसलाई दलाल पूँजीवादी व्यवस्था भनिन्छ । यी कुनै ठाउँमा जनता खुशी र सुखी छैन । यी सबै ठाउँमा जनतालाई विभेदमा पारिएको छ अनि भनिन्छ यो व्यवस्था धेरै राम्रो छ । विगत ७५ वर्षदेखि भारतमा यही व्यवस्था अन्तर्गत चुनाव हुँदैछ । जनताले कहिले काङ्ग्रेसको गुण गाउँदै काङ्ग्रेसलाई जिताउने गर्छ कहिले काङ्ग्रेस खत्तम भो भन्दै काङ्ग्रेसलाई हराउँछ । अहिले भारतीय जनता पार्टी राम्रो भन्दै उसलाई दुई कार्यकालदेखि निरन्तर जिताएको छ तर के भारतमा किसानहरू सुखी छन् ?

ऋण तिर्न नसकेर ब्याजको बोझले गर्दा आत्महत्या गर्ने सबैभन्दा बढी किसान भारतमैं छन् भने कसरी मोदी सरकारलाई राम्रो भन्ने ? पौने एक सय वर्षसम्म निरन्तर मतदान गरेर पनि जनताको लागि सबैभन्दा उत्कृष्ट ठानिएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नामक प्रजातन्त्रले पनि जनताको अवस्था बदल्न नसकेको यथार्थ हाम्रो आँखा अगाडि छर्लङ्ग छ, तरपनि हामी यही व्यवस्था बाट मतदान गरेर सबै चीज उलटपुलट गर्ने व्यक्ति एक दिन जिताउने छौं भनी ठान्छौं भने योभन्दा महामूर्खता अरू के होला ?

खगोलशास्त्रका वैज्ञानिकहरू भन्छन् ब्रह्माण्डमा देखिने चम्किला तारा एकदिन ऊर्जा समाप्त भएपछि विस्फोट भएर ब्लैकहोलमा रूपान्तरित हुने गर्दछ । ब्लैकहोलको एरियामा जाने सबै पिण्डलाई उसले आफूभित्र तान्ने गर्छ । यस ब्लैकहोलभित्र छिरेको कुनैपनि वस्तु फेरि कहिल्यै बाहिर आउँदैन । हो ठीक यसरी नै दलाल पूँजीवादी व्यवस्था मानव समाज भित्रको त्यो ब्लैकहोल हो, जसभित्र जनताको अवस्था सुधार्छु भनी छिरेका कुनै पनि पार्टी वा नेता त्यसबाट बाहिर आउन सकेका छैनन् । दलाल पूँजीवादी व्यवस्थाको उपयोग गर्न गएको नेकपा एमाले होस् वा नेकपा माओवादी यिनीहरू अब कहिले पनि फेरि जनताको बीच आउने छैनन् ।

सबै संसदीय राजनीतिक पार्टीहरूको प्रयास भनेको जनता र देशको विकास तथा समृद्धिको आवरणमा दलाल पूँजीवादी व्यवस्थालाई युगौंसम्म टिकाएर सोबापत पाउने दलाली (कमिशन) ले आफ्नो अवस्था र औकात फेर्ने मात्रै हो । त्यस कारण हामीले यो भ्रम पाल्नु हुन्न कि संसदीय व्यवस्थाले देशको विकास र जनताको समृद्धि हुन्छ ।

अब रह्यो कुरा नैतिकताको, जहाँ अदालतले आफ्नो नजीर आफैं काट्ने गर्छ । देशको सर्वोच्च निकायहरू भ्रष्टाचार र कमिशनमा डुबेको हुन्छ , जनताद्वारा बहिष्कृत व्यक्ति चोर बाटोबाट सत्ताको बागडोर सम्हाल्न पुगेको हुन्छ त्यहाँ नैतिकताको कुरा गर्नु नै अनैतिक हुन जान्छ ।

यतिबेला निर्वाचन परिणामले केही मानिस सारै खुशी देखिएका छन् । किनकि उनीहरूको नेता वा पार्टी जितेको छ । आफू दिनरात केही नभनी खटेको सार्थक भएको छ र अब मुलुकको अनुहार फेरिने छ । त्यसैगरी कतिपय मानिस यस कारण खुशी छन् कि यसपालिको निर्वाचनमा अलोकप्रिय, भ्रष्ट तथा गन्हाइसकेका केही पुराना मधेसी र पहाडी अनुहार चुनाव हारेका छन् । अब आगामी चुनावमा बाँकी भ्रष्ट तथा कामै नलाग्ने नेताहरू पनि हार्दै जानेछन् र व्यवस्था एकदिन राम्रो जनहितकारी हुँदै जानेछ ।

यस्तो सोच्नु पनि राजनीतिक अबुझपन हो । किनकि कुनै समय एमाले परिवर्तनकारी राजनीतिक पार्टी थियो त्यसका नेताहरू तपाईं-हामीले आज देखेको जस्तो भ्रष्ट, दलाल थिएनन् । आफ्नो समयको यिनीहरू निख्खर क्रान्तिकारी र एक नम्बरको मार्क्सवादी थिए, तर आज किन बिग्रे ?

त्यसैगरी कुनै समय नेकपा-माओवादी पनि एक नम्बरको क्रान्तिकारी र मार्क्सवादी थियो तर आज यिनका पनि नेताहरू किन बिग्रे ? कहिले सोच्नुभएको छ ? तपाईलाई लाग्दो होला यिनीहरू स्वार्थी भएका हुनाले, अवसरवादी भएका हुनाले, संशोधनवादी भएका हुनाले तथा पद र पैसामुखी भएका हुनाले बिग्रेका हुन्, तर वास्तवमा यथार्थ यति मात्र होइन । उनीहरू जुन व्यवस्थाभित्र छिरेका छन् त्यो व्यवस्था नै यस्तो हो कि त्यसभित्र जुनसुकै व्यक्ति वा पार्टी छिरेपछि बर्बाद भइहाल्छ ।

त्यसैले समस्या व्यक्ति वा पार्टीमा होइन, यसको जरा राजनीतिक, आर्थिक, सांस्कृतिक व्यवस्थाभित्र छ भन्ने कुरा बुझ्न जरूरी छ । त्यसकारण यो दलाल पूँजीवादी व्यवस्थाकै विकल्प खोज्नुपर्छ । अनि मात्र नेपालजस्तो विकासशील देशले विकास गर्न सक्छ । होइन भने तपाईं-हामीले वर्षौं जतिपटक निर्वाचनमा मतदान गरे पनि उही भारत, पाकिस्तान, बङ्गलादेशजस्तो गरीबी, भोकमरी, चरम भ्रष्टाचार, बलात्कार, बेरोजगारी र महँगीको शिकार भइरहन्छौं । दुई छाक टार्न विदेशी भूमि चहार्ने बाध्यता भोग्नुपरिरहन्छ ।

# निर्वाचन अपडेटः २५ जिल्लामा गठबन्धन र आठमा एमालेको एकल जित

काठमाडौं, ९ मङ्सिर/रासस

प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ २५ जिल्लाका सबै सिटमा सत्ता गठबन्धनका उम्मेदवार विजयी भएका छन् । गठबन्धनले भोजपुर, ओखलढुङ्गा, खोटाङ, सिन्धुली, सिन्धुपाल्चोक, धादिङ, गोरखा, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, दाङ, रोल्पा, रूकुमपूर्व, रूकुमपश्चिम, डोल्पा, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान, दार्चुला, बझाङ, डडेलधुरा, डोटी र अछाममा विजय हासिल गरेको हो ।

निर्वाचन आयोगबाट प्राप्त विवरणअनुसार हालसम्म एमालेले आठ र राप्रपाले एक जिल्लामा आफ्नो वर्चस्व कायम गरेका छन् । एमालले ताप्लेजुङ, पाँचथर, धनकुटा, सोलुखुम्बु, पर्वत, अर्घाखाँची, प्यूठान र बैतडीमा एकल जित हासिल गरेको छ भने राप्रपाले जुम्लामा एक सिट एकलरूपमा जितेको छ ।

आयोगका अनुसार एक सय ६५ सिटमध्ये हालसम्म ८९ स्थानको नतिजा सार्वजनिक भइसकेकामा काङ्ग्रेस २८, एमाले २४, माओवादी केन्द्र नौ, एकीकृत समाजवादी छ, राष्ट्रिय स्वतन्त्र पार्टी पाँच, राष्ट्रिय प्रजातन्त्र पार्टी चार, लोकतान्त्रिक समाजवादी पार्टी तीन, जनता समाजवादी पार्टी दुई तथा राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टी एक/एक स्थानमा विजयी भएका छन् । पाँच स्वतन्त्र उम्मेदवारले विभिन्न क्षेत्रबाट निर्वाचन जितेका छन् ।

दुवै कम्युनिष्ट पार्टीका महासचिव पराजित

हालसम्म दुई ठूला कम्युनिष्ट पार्टीका महासचिव निर्वाचनमा पराजित भएका छन् । एमालेका महासचिव शङ्कर पोखरेल माओवादी उम्मेदवार रेखा शर्मासँग पराजित भए भने माओवादीका महासचिव देवप्रसाद गुरूङलाई एमाले उम्मेदवार पृथ्वी सुब्बा गुरूङले पराजित गरे । माओवादीका उपमहासचिव पम्फा भुसाल र सचिव चक्रपाणि खनाल पनि यस निर्वाचनमा पराजित भएका छन् ।



तस्वीरः फाइल

यसैगरी एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, उपमहासचिव प्रदीपकुमार ज्ञवाली र सचिव लेखराज भट्ट पनि पराजित भएका छन् ।

यस्तै काङ्ग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना) निर्वाचनमा पराजित भएका छन् ।

आफ्नो गृहजिल्ला छाडेर अर्को जिल्लाबाट माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य कृष्णकुमार श्रेष्ठ, काङ्ग्रेसका प्रदीप पौडेल र वीरबहादुर बलायर, राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछाने निर्वाचनमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वर्ष ३६ | २०७९ मङ्सिर १० गते शनिवार | 2022 November 26 Saturday


# सन्दर्भ विवाहपञ्चमी : राम-सीता विवाहमा तिलक-दहेज

आजभोलि तिलक र दहेजको खूब विरोध गरिन्छ । तिलक र दहेजलाई एउटै रूपमा पनि लिने गरिएको पाइन्छ। तर तिलक र दहेज दुई कुरा हुन् ।

हुनत सर्वसाधारणले जे मान्छन्, त्यहीं नै हुने हो तर पहिलेदेखि तिलक र दहेज दुई फरक किसिमका हुन् भन्ने सामाजिक व्यवहार थियो वा अझै पनि ग्रामीण समुदायमा रहेको छ । विवाहपूर्व दुलहा पक्षले दुलही पक्षसित यति लिन्छु वा यो यो कुरा लिन्छु भनी किटान गरेर हुने लेनदेनलाई तिलक भन्ने गरिन्थ्यो भने विवाहपश्चात् दुलही पक्षले दुलहा पक्षलाई आफैंले दिने नगद वा जिन्सी दहेज कहलाउँथ्यो । तिलक एक किसिमले करकाप थियो भने दहेज स्वैच्छिक वा खुशी ।

दुलहा पक्षले दुलही पक्षसित बलजफ्ती यति नगद वा जिन्सी लिन्छु भनी माग्नु, दबाब दिनु वा लिनु चाहिं विकृति हो भने छोरी पनि आफ्नै सन्तान हो, आफ्नो सन्तानलाई मातापिताले विवाहभन्दा पहिले वा पछि पनि नगद वा जिन्सी दिइरहन्छन् । यसलाई स्वाभाविक मानिनुपर्छ अर्थात् यो विकृति नभई स्वीकृति हो ।

हाम्रो समाजमा तिलक त पहिले त्यत्ति चल्दैनथ्यो बरु दहेज चल्थ्यो । विवाहको समयमा मण्डपमा नै दुलही पक्षले दुलहाको हातमा केही नगद वा द्रव्य दिने चलन अद्यापि छ। विवाहको एउटा विधि पनि हो तिलक तर यो केवल विधिमा सीमित हुँदै गइरहेको छ र पूर्वनिर्धारित तिलकको बहस बढ्दो छ ।

यदि पुराना ग्रन्थहरू हेर्ने हो भने पनि यस प्रकारको उल्लेख पाइन्छ । रामायणमा पनि दहेजको उल्लेख पाइन्छ। वाल्मीकीय रामायणमा पनि विदेहराज शिरध्वजले आफ्ना पुत्रीद्वय सीता र उर्मिलाको विवाह राम र लक्ष्मणसित गर्दा दहेज दिएको उल्लेख पाइन्छ । रामायणको संस्कृत श्लोकमा दहेजलाई कन्याधन भनिएको छ ।

वाल्मीकीय रामायणको

स्वान्त सुखाय:

सञ्जय मित्र
mitrasanjay41@gmail.com

बालकाण्डमा ७४औं सर्गमा रहेका केही श्लोकहरूले विवाहोपरान्त शिरध्वजले छोरी र भतिजीहरूको बिदाइ गर्दा पर्याप्त द्रव्य, मुद्रा तथा पशुधन कन्याधनको रूपमा प्रदान गरेको उल्लेख रहेको छ ।

**अथ राजा विदेहानां ददौ कन्याधनं बहु ।**
**गवां शतसहस्राणि बहूनि मिथिलेश्वर: ॥३॥**
**कम्बलानां च मुख्यानां क्षौमान् कोट्यम्बराणि च ।**
**हस्त्यश्वरथपादातं दिव्यरूपं स्वलंकृतम् ॥४॥**

अर्थात्, त्यत्ति बेला विदेहराज जनकले आफ्ना कन्याहरूको निमित्त दहेजमा निकै धेरै धन दिए। ती मिथिला नरेशले कैयौं लाख गाई, कैयौं निकै निकै राम्रा कालीन तथा करोडौंको सङ्ख्यामा रेशमी र सुती वस्त्र दिए, अनेक प्रकारका गहनाले सज्जिएका धेरै नै दिव्य हात्ती, घोडा, रथ तथा पैदल सैनिक पनि भेट दिए ।

**ददौ कन्याशतं तासां दासीदासमनुत्तमम् ।**
**हिरण्यस्य सुवर्णस्य मुक्तानां विद्रुमस्य च ॥५॥**

अर्थात्, आफ्ना छोरीहरूको लागि सहेलीको रूपमा उनले सय/सय कन्या तथा उत्तम दासदासीहरू अर्पित गरे। यी सबैबाहेक राजाले तिनीहरूका लागि एक करोड स्वर्ण मुद्रा, रजत मुद्रा, मोती तथा मुँगा पनि दिए ।

**ददौ राजा सुसंहृष्ट: कन्याधनमनुत्तमम् ।**
**दत्त्वा बहुविधं राजा समनुज्ञाप्य पार्थिवम् ॥६॥**

अर्थात्, यस प्रकार मिथिलापति राजा जनकले निकै हर्षका साथ उत्तमोत्तम कन्याधन (दहेज) दिए ।

यसमा एक/दुई कुरा विचारणीय छन् । दुलहा पक्षका प्रमुख अयोध्यापति राजा दशरथले कुनै पनि सामान नगद वा जिन्सी कतै मागेको प्रसङ्ग पाइन्न । मिथिलाधीश शिरध्वजलाई कतै कुनै करले दिएको अर्थ लाग्ने उल्लेख पाइन्न। साथै शिरध्वजले आफ्ना छोरीहरू (भाइ कुशध्वजका छोरीहरू माण्डवी र श्रुतकीर्तिसमेत)को विवाहमा जुन दहेज दिएका छन्, आफूखुशी दिएका छन् । दहेज दिएपछि राजा सन्तुष्ट भएको उल्लेख गरिएको छ। अर्थात् अनेक रत्न, धन, दासदासी प्रदान गरेर राजा शिरध्वज जनक सन्तुष्ट बनेका छन् । यसबाट यो सिद्ध हुन आउँछ कि त्यस बेलासम्म दहेजप्रथा स्वैच्छिक थियो ।

दहेज चलनमा नै थिएन भन्ने होइन। स्वयंवरमा नै बिहेवरण हुन्थ्यो भने पनि स्वयंवरपछि दुलही पक्षले दुलहा पक्षलाई स्वैच्छिकरूपमा दहेज दिन्थे ।

स्वयंवर फरक-फरक किसिमले हुन्थ्यो । वास्तवमा एक प्रतियोगिता थियो। प्रतियोगितामा विजेताले दुलही पाउँथे । प्रतियोगितामा सहभागीको योग्यता निर्धारण गरिएको हुन्थ्यो । योग्यता नपुगेका युवक प्रतियोगितामा सहभागी हुन पाउँदैनथे। र विजयी युवकले तिलकको आशा पनि गर्दैनथे । रामायणकालसम्म तिलकको आशा गरेका सत्पात्रहरू पाउन मुस्किल छ । असत्पात्रको सन्दर्भमा यो लागू नहुन सक्छ तर दहेज तत्कालीन समाजको लागि स्वीकृत भइसकेको थियो वा समाजमा

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ (१०)

**सामाजिक व्यवहार एवं कुराकानी**

अमेरिकीहरूका केही सामाजिक व्यवहार सामान्यभन्दा पृथक रहेको पाइन्छ। अमेरिकीहरू कसैसँग कुरा गर्दा, कुरा गर्नेसँग, उनीहरूले आँखा जुधाएर कुरा गर्छन्। कुरा सुन्नेले पनि निरन्तर आँखा जुधाएर नै कुरा सुन्ने गर्छन् । वक्ता र श्रोता दुवैले आँखा जुधाउनुलाई एकअर्काप्रति सम्मान व्यक्त गरिएको रूपमा लिन्छन्। वक्तासँग श्रोताले आँखा नजुधाउनुको अर्थ वक्ताको कुरालाई महत्त्व नदिनु वा अपमान गर्नु सरह हुन सक्छ। जुनसुकै उमेर वा पदको व्यक्तिसँग कुरा गर्दा निरन्तर आँखा जुधाएर कुरा गर्नु अमेरिकी संस्कृति हो । दक्षिण एशियाका देशहरूमा भने परिस्थिति अनुसार आँखा जुधाएर कुरा गर्ने चलन छ। जस्तै उच्च पदको, अति सम्मानित वा आफूले अति सम्मान व्यक्त गर्नुपर्ने व्यक्तिसँग कुरा गर्दा, कुरा गर्नेले आँखा जुधाएर होइन, आँखा तल पारेर कुरा गर्ने चलन छ । आफूले उच्च सम्मान दिनुपर्ने व्यक्तिसँग कुरा गर्दा उक्त व्यक्तिसँग आँखा जुधाउनुको अर्थ सो व्यक्तिको अपमान गर्नु सरह हो । कुनै सामान्य व्यक्तिले कुनै विशिष्ट व्यक्तिसँग कुरा गर्दा सामान्य व्यक्तिले आफूसँग आँखा नजुधाओस् भन्ने अपेक्षा सो विशिष्ट व्यक्तिले गरेको हुन्छ ।

आफूभन्दा ५०-६० वर्ष जेठो व्यक्ति होस् वा वयोवृद्ध होस्, त्यस्ता व्यक्तिहरूसँग कुनै बालक वा युवा अथवा युवतीले कुरा गर्दा सो उमेर पुगेको व्यक्तिलाई उसको नाम लिएर सम्बोधन गर्नु अमेरिकीहरूको अर्को रोचक सामाजिक व्यवहार हो । एक सात/आठ वर्षको बालकले नब्बे वर्षको कुनै व्यक्तिलाई उसको नाम लिएर

धारावाहिक

विश्वराज अधिकारी
akoutilya@gmail.com

सम्बोधन गर्ने चलन छ। जस्तै उक्त नब्बे वर्षको व्यक्तिको नाम डेभिड पार्कर हो भने उसलाई डेभिड भनेर सम्बोधन गर्ने चलन छ । सम्बोधन गर्दा केवल नाम मात्र भन्ने चलन छ । जस्तै, माथिको उदाहरणमा, डेभिड मात्र भनेर, डेभिड पार्कर भन्ने चलन छैन। दक्षिण एशियाका देशहरूमा आफूभन्दा माथिल्लो उमेरका व्यक्तिहरूलाई सम्बोधन गर्दा आदरसहित काकी, काका, दिदी, दाजु, आमा, बुवा र आफूभन्दा कम उमेरका व्यक्तिहरूलाई सम्बोधन गर्दा बहिनी, भाइ भनिएझैं भन्ने चलन अमेरिकी समाजमा छैन। सौतेनी आमा वा सौतनी बुबालाई पनि आमा बा नभनेर उनीहरूको नाम भनेर सम्बोधन गर्ने चलन छ ।

यसैगरी, दक्षिण एशियाका देशहरूमा अभिवादन व्यक्त गर्न वा सम्मान व्यक्त गर्न एकले अर्कोलाई नमस्कार गरेझैं अमेरिकमा अभिवादन गर्न वा सम्मान व्यक्त गर्न हात मिलाउने चलन छ। अभिवादन व्यक्त गर्न वा सम्मान व्यक्त गर्न जुनैसुकै उमेरको व्यक्तिले जुनसुकै उमेरको व्यक्तिसँग हात मिलाउने चलन छ । पुरुषहरूलाई अभिवादन गर्न महिलाहरूले पनि अभिवादन गर्ने पुरुषसँग हात मिलाउने चलन छ । यसैगरी, महिलाहरूलाई पनि अभिवादन गर्न पुरुषहरूले आभिवादन गर्ने महिलासँग हात मिलाउने चलन छ। अर्थात् महिला र पुरुषबीच हात मिलाएर अभिवादन साटासाट गर्ने चलन छ।

अपरिचित व्यक्तिसँग आँखा जुधाउनु पनि अमेरिकी संस्कृतिको एक अङ्ग हो। तर त्यसरी अपरिचित व्यक्तिसँग आँखा जुधाउँदा भने ओठमा मुस्कान ल्याउनु राम्रो मान्ने गरिन्छ ।

कसैको कानको नजीक आफ्नो मुख पुऱ्याएर सार्वजनिकरूपमा कानेखुसी गर्नु अमेरिकी संस्कृतिमा राम्रो मानिंदैन। त्यसैगरी, टाढाबाट चर्को स्वरमा कसैलाई बोलाउनु वा कुराकानी गर्नुलाई पनि राम्रो मानिंदैन।

कसैको बारेमा धेरै चासो राख्नु, जस्तै कहाँ काम गर्नुहुन्छ, कति तलब पाउनुहुन्छ, के कस्तो काम गर्नुहुन्छ, तपाईंको परिवारमा को को छन् जस्ता अनेक किसिमका कुराहरूमा चासो राखेर कसैलाई अनेक प्रश्न गर्नु अमेरिकी संस्कृतिमा राम्रो मानिंदैन। यो कारणले पनि भन्ने गरिन्छ- दुई अमेरिकी भेटिए भने कुराकानीको प्रारम्भ मौसम, घाम, हावा आदिबाट हुन्छ ।

अमेरिकहरूको सामाजिक व्यवहारमा औपचारिकता भन्दा समानतालाई बढी महत्ता दिने चलन छ ।

# परम्परामा सीमित 'शपथ ग्रहण'

"धा-धरियो" शब्दध्वनिले सरेह गुञ्जायमान थियो । ठूलठूलो स्वरमा चिच्याउँदै आआफ्नो खेतबाट चराचुरुङ्गीहरूलाई धपाउने किसानहरूको प्रयत्न जारी थियो। हामी सबैलाई थाहा छ, गहुँको 'बोवनी' (खेतमा बीउ छर्ने क्रिया) भएसँगै चराचुरुङ्गीहरूका लागि सरेह भोजस्थलमा परिणत हुन्छ। खेतमा बीउ छरिसकेपछि चराचुरुङ्गीहरू बीउ

सरोकार

राजेश मिश्र
rajesh560107@gmail.com

**ईश्वर वा देश र जनताको नाममा शपथ लिनु जति सजिलो छ, त्यति आफ्नै सन्तानको शिरमा हात राखेर शपथ लिनु सजिलो छैन । त्यस कारण शपथ लिने प्रणाली परिमार्जन गर्नु आवश्यक छ ।**

टिप्ने र किसानहरूले धपाउने पौंठेजोरी चलिरहन्छ ।

किसानहरू आआफ्नो खेतमा बीउको संरक्षणहेतु प्रयत्नशील थिए। किसानहरूले चराहरूलाई धपाउँथे । चराहरू उड्थे। कहिले खेतको अर्को छेउमा त कहिले छिमेकीको खेतमा बस्थे । चराहरूलाई कसको खेत हो भनेर थाहा हुने कुरै भएन । यद्यपि चरा धपाएर आफ्नो खेतमा पठाएको भन्दै एक किसानले अर्को किसानमाथि शङ्का गर्न थाले । दुई किसानबीच बिस्तारै अवस्था विवादित बन्न थाल्यो । सामान्य विवादले उग्ररूप लियो। परबाट एक किसान यिनीहरूको झगडा हेरिरहेका थिए। उनले सुल्झाउने प्रयत्न गरे । यद्यपि उनीहरू मान्ने अवस्थामा थिएनन् । अन्ततोगत्वा उनले पञ्चायतीको माध्यमबाट सुल्झाउने आग्रह गर्दै झगडियाहरूलाई लिएर गाउँतर्फ प्रस्थान गरे ।

धानको बोझा चोरेको आशङ्कामा एकजनामाथि अघिदेखि नै पञ्चायतसभा बसेको थियो । सभामा पञ्च तथा भद्रभलादमीहरूका साथै गाउँका मानिसहरूको उच्च भीड थियो। चोरीको आशङ्का गरिएको व्यक्ति आफूले धानको बोझा नचोरेको स्पष्टीकरण दिइरहेको थियो। पञ्चहरूले सत्य कुरा भन्न कर गर्न थालेपछि सो व्यक्तिले भने, "पञ्च साहेब हम अपने के मुडी पर हात राख के किरिया (कमस) खालेतानी, तब विश्वास होइ नु ? जे हम धान के बोझा नइखीं चोरइले ?"

एक पञ्चलाई इङ्गित गर्दै उनको शिरमा हात राखेर किरिया खाने भनेपछि ती पञ्चको मुहार रातोपिरो भयो। उच्च स्वरमा कराउँदै उनले भने, "हामरा मुडी पर हाथ राख के काहे किरिया खइबे ? यदि तु चोरी कइले होखबे तब त अनिष्ट हमरा नु भुगते परी ?" अरू कसैको शिरमा हात राखेर कसम किन खानुपर्ने ? पञ्चहरूले रिसाउँदै आदेश दिए, "तिमी आफ्नै वा सन्तानको शिरमा हात राखेर कसम खाऊ, तबमात्र विश्वास गर्न सकिन्छ ।" जसको शिरमा हात राखेर कसम खाइन्छ, सो व्यक्तिलाई अनिष्ट हुने लोकमान्यता छ। पञ्चहरूको आदेश सुनेपछि चोरको मन व्याकुल भयो। कसम खान आनाकानी गर्न थाल्यो । अन्ततः त्यो व्यक्ति चोरीको अभियोगसहित दण्डित भयो ।

यसपछि ती दुई किसानको विवाद सुनुवाइ हुन थाल्यो। चरा धपाएर अर्काको खेतमा कसरी पठाउन सकिन्छ ? भन्ने पञ्चहरूले सम्झाउन थाले । यद्यपि दुवैजनामध्ये कोही पनि पञ्चको कुरा मान्न तयार थिएनन् । एकले अर्कालाई दोषारोपण गरिरहेका थिए। पञ्चहरूले उनीहरूसँग सत्य कुरा नबताए दुवैजनालाई सजाय हुने कुरा सुनाए । पञ्चहरूको कडा चेतावनीपछि दुवैजनाले कान समातेर कसम खान थालेछन् । एकले आमाबुबाको र अर्कोले सन्तानको शिरमा हात राखेर कसम खाए । दुवैजनामध्ये कसैलाई पनि चरा धपाएर अर्काको खेतमा पुऱ्याउने उद्देश्य थिएन । त्यस कारण उनीहरूले निस्सङ्कोच कसम खाएछन्। पञ्चहरूलाई पनि दुवै किसानले एकअर्कामाथि शङ्का गरिरहेको सत्यतथ्य बुझ्न कठिन थिएन ।

कालान्तरमा कसम खानु चानचुने कुरा थिएन । झूट बोल्ने व्यक्ति कसम खानबाट तर्सिन्थे । सत्यपथमा अडिग व्यक्तिलाई कसम खान हिच्किचाहट हुँदैन थियो । मान्यता के थियो भने कसम खाएर असत्य बोलेपछि जसको शिरमा हात राखेर कसम खाइन्छ, उसलाई अनिष्ट हुन सक्छ । त्यस कारण मानिसहरू कसम खाएर झूट बोल्थेनन्। डराउँथे। त्यसताका मानिसहरू सत्यमार्गी थिए। छलकपट, भेदभाव मनमा हुन्थेन।

किसानले खेतमा अन्न उत्पादन गर्ने कार्यका लागि शपथ लिंदैनन् । यद्यपि उनीहरूको जाँगर निष्ठापूर्वक खेतमा प्रवाहित हुन्छ । आमाहरूले शिशुलाई हुर्काउने शपथ लिंदैनन्, यद्यपि शिशुको सुखचैनमा उनीहरूको खुशी निहित रहन्छ। पिताहरूले सन्तानलाई शक्तिमान् बनाउने शपथ लिंदैनन्, यद्यपि सन्तानको भाग्योदयको कामना सदैव गरिरहन्छन्। मानवजीवनमा थुप्रै यस्ता विषय छन्, जसका लागि शपथ लिइँदैन । तर निष्ठापूर्वक कर्तव्य निर्वाह गरिन्छ । सार्वजनिक पदधारक व्यक्तित्वहरूको निष्ठा पनि यसैगरी हुनुपर्ने हो । कानूनविपरीत आचरणमा लिप्त हुनु घोर विडम्बना नै भन्नुपर्छ ।

मङ्सिर ४ गते निर्वाचन सम्पन्न भयो र सोको भोलिपल्टदेखि मतगणना कार्य भइरहेको छ । थुप्रै क्षेत्रका मतपरिणाम आइसकेका छन् भने बाँकी क्षेत्रको आउने क्रम जारी छ। निर्वाचित प्रतिनिधिहरूले संविधानतः शपथ लिई आआफ्नो कार्यभार सम्हाल्नेछन्। शपथ कसरी लिइन्छ ? आउनुस् शपथपत्रको नमूना हेरौं ।

"म ... नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादर रही सत्य-निष्ठापूर्वक 'ईश्वरको/देश र जनताको' नाममा शपथ लिन्छु कि ... पदको जिम्मेवारी वहन गर्दा प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताइ कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमानदारीताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्नेछैन।"

उपरोक्त पङ्क्तिमा 'ईश्वर' वा 'देश र जनता'को नाममा शपथ लिनुपर्ने नियम उद्धृत छ। के ईश्वर वा देश र जनताको नाममा शपथ लिंदैमा मनोवृत्ति शुद्ध हुन सक्छ ? देश र जनताको भावनाअनुकूल दृढसङ्कल्पित हुने सम्भावना छ ? तर विडम्बना उनीहरू शपथ लिन्छन् र सोविपरीत कार्य गर्छन् ।

राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, विधायक, न्यायाधीश, चिकित्सक, सेना, प्रहरी, कर्मचारी आदि विविध सार्वजनिक पद धारण गर्ने व्यक्तित्वहरूले पदभार ग्रहण गर्नुअघि शपथ लिन्छन्। सार्वजनिक पदधारण गर्ने, शपथ लिने र नियमविपरीत आचरणमा लिप्त हुने प्रवृत्ति विडम्बनाको पराकाष्ठा हो। यहाँ सबै उस्तै हुन् भन्न खोजिएको होइन ।

आजको परिवेशमा बहुसङ्ख्यक असत्यमार्गीहरूको झुन्डमा झिनो सत्यमार्गीहरू आफैं दु:खित छन् । त्यस कारण शपथ लिनु रीत पुऱ्याउने कामभन्दा बढी महत्त्वपूर्ण मान्न सकिंदैन। शपथ लिएर कानूनविपरीत कार्य गर्ने र अनिष्ट ईश्वर वा देश र जनताको शिर थोप्ने परम्परालाई भेदभावपूर्ण किन नमान्ने ?

शपथ लिनुको औचित्य के हो ? शपथको कति प्रतिशत पालना हुन्छ ? कुनै पनि व्यक्ति आजको समयमा आफूले लिएको शपथप्रति खरो उत्रेको देखिंदैन। यद्यपि शपथ लिनुपर्ने नाटक किन भइरहेको छ ? के शपथ लिने प्रणाली परिवर्तन हुनुपर्छ भन्ने लाग्दैन ?

हिन्दी फिल्म 'तिरङ्गा'मा अभिनेता राजकुमारले धार्मिक ग्रन्थ गीतामा हात राखेर शपथ लिन अस्वीकार गरे । किनभने उनलाई थाहा थियो कि उनी असत्य बोल्न गइरहेका छन्। त्यस कारण पवित्र ग्रन्थको अपमान गर्नुको औचित्य उनले ठानेनन् ? यस फिल्मको माध्यमबाट शपथ लिने प्रणालीमाथि व्यङ्ग्य प्रहार गरिएको छ।

सार्वजनिक पद धारण गर्ने व्यक्तित्वहरूले शपथ लिएर आफूलाई चोखो देखाउने चलन व्यवहारमा पनि उतार्न सक्नुपर्छ। अन्यथा शपथ लिनुको कुनै औचित्य छैन । अरूलाई आफ्नो वचनप्रति विश्वास होस् वा झूटको खेती नहोस्, त्यसका लागि धार्मिक ग्रन्थ, आमाबुबा वा छोराछोरीको कसम खाने चलन छ । शपथ लिइसकेपछि कानूनविपरीत कार्य नगर्नुपर्ने हो। यद्यपि अहिलेको परिवेशमा शपथग्रहण केवल परम्परामा सीमित देखिन्छ । आजको परिवेशमा साक्षात् भगवान्को सामुन्ने पनि शपथ लिने वा कसम खाने व्यक्तिले साँचो बोलिरहेको छ वा पदको दायरामा रहेर कर्तव्य निर्वाह गर्छ भन्ने कुरा पत्याइहाल्नुपर्ने अवस्था छैन ।

उहिले अहिंसा परमोधर्म, सत्य वचन, ईश्वरमा आस्था, आमाबुबा तथा ठूलाबडाको सम्मान र गुरुको आदेशको पालनालगायतका मान्यताहरू अहिले रीत पुऱ्याउने कार्यमा सीमित छन्। आजको परिवेशमा सत्य, सिद्धान्त र अहिंसाको मार्ग प्राय: लुप्त छ। हाम्रा पुर्खाहरू आँखा चिम्लेर आमाबुबा तथा गुरुजनको आज्ञापालन गर्दथे। जुन आज आँखा खोलेरै कानून उल्लङ्घन गर्ने होडमा सबै छन्। न्याय दिने न्यायालय पनि अछूतो छैन।

ईश्वर वा देश र जनताको नाममा शपथ लिनु जति सजिलो छ, त्यति आफ्नै सन्तानको शिरमा हात राखेर शपथ लिनु सजिलो छैन। त्यस कारण शपथ लिने प्रणाली परिमार्जन गर्नु आवश्यक छ। ईश्वर वा देश र जनताको नाममा नभई आफ्नै सन्तानको शिरमा हात राखेर शपथ लिनुपर्ने नियम किन नबनाउने ?

# द्रोण पर्व–१०३

कर्णलाई ठूलो आपत्तिमा परेको हेरेर दुर्योधनले अलायुधसित भने– कर्ण घटोत्कचको साथमा भिडिरहेका छन् र युद्धमा घटोत्कचले महान् पराक्रम प्रदर्शन गरिरहेको छ । वीरवर, जस्तो तिम्रो इच्छा थियो, त्यसै अनुसार नै यस संग्राममा घटोत्कच तपाईंको भागमा परेको छ, अब तिमीले पुरुषार्थ गरेर यसको नाश गर । यो पापीले आफ्नो माया–बलको आश्रय लिएर कतै कर्णलाई पहिला नै मारिदेओस्–यसको विचार राख्नु ।

दुर्योधनले यस्तो भनेपछि अलायुधले घटोत्कचमाथि धावा गरिदियो । भीमसेनको पुत्र घटोत्कचले आफ्नो शत्रुलाई आफूतिर आइरहेको हेरेर कर्णलाई छाडी अलायुधमाथि बाण हानेर पीडित पार्न थाल्यो, फेरि दुवै राक्षस क्रोधित भएर एकअर्कासित भिड्न पुगे । घटोत्कचलाई भयानक अलायुधको चङ्गुलमा फसेको हेरेर भीमसेन आफ्नो तेजस्वी रथमाथि बसेर बाणवृष्टि गर्दै त्यहाँ आइपुगे । यो हेरेर अलायुधले घटोत्कचलाई छाडेर भीमसेनलाई हाँक दिंदै र उसका साथी राक्षसहरूले पनि नानाथरीका हातहतियार लिएर भीमसेनमाथि नै जाइलागे । धेरै राक्षसले एकैसाथ बाणवर्षा गर्न थालेपछि महाबली भीमसेनले पनि प्रत्येक राक्षसलाई पाँच/पाँचवटा बाण हानेर सबैलाई घाइते पारिदिए । भीमसेनको साथमा युद्ध गर्ने क्रूर राक्षसहरू उनको मारबाट पीडित भएर भयङ्कर चित्कार गर्दै दशौं दिशामा भाग्न थाले । यो हेरेर अलायुध भीमसेनतिर बडो वेगले दौडिंदै उनीमाथि बाणवर्षा गर्न थाल्यो । उसले भीमसेनले हानेका कैंयन बाणलाई काटिदियो तथा कैंयन बाणलाई हातमैं समात्यो । भीमसेनले पुनः उसमाथि बाणवर्षा गरे तर उसले आफ्ना तीक्ष्ण बाण हानेर त्यसलाई पुनः व्यर्थ पारिदियो । फेरि उसले भीमसेनको धनुषको पनि टुक्रा–टुक्रा पारिदिएर घोडा र सारथीको काम पनि फत्ते पारिदियो । घोडा र सारथि मारिएपछि भीमसेनले रथबाट ओर्लेर

भयङ्कर गर्जना गरेर त्यस राक्षसमाथि बडो भयङ्कर गदाको प्रहार गरे ।



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

अलायुधले पनि गदाबाट नै त्यस गदालाई मारी खसाल्यो । अनि भीमसेनले अर्को



गदा हातमा लिई त्यस राक्षससित तुमुल युद्ध गर्न थाले । त्यति बेला एकअर्कामाथि गदाको आघातबाट जुन भयङ्कर शब्द निस्कन्थ्यो, त्यसबाट पृथ्वी काम्न थाल्थ्यो । अलिक बेरपछि गदा फालेर दुवैले एकअर्कामाथि मुड्की हान्दै युद्ध गर्न थाले । उनीहरूको मुड्कीको आवाज बिजुली कड्केको आवाज जस्तै हुन्थ्यो । यस प्रकारले युद्ध गर्दागर्दै दुवै क्रोधले मुर्मुरिएर रथका पाङ्ग्रा, धुरा आदि अन्य उपकरण जे पनि नजीक देखिन्थ्यो त्यसैलाई उचाल्दै एकअर्कामाथि हान्न थाले । दुवैको शरीरबाट रगतको खोलो नै बग्न थालेको थियो ।

भगवान् श्रीकृष्णले यो अवस्था हेरेर भीमसेनको रक्षाको लागि घटोत्कचसित भने– महाबाहो, हेर, तिम्रोसामु नै सबै सेनाले हेर्दाहेर्दै अलायुधले भीमसेनलाई आफ्नो चङ्गुलमा पारेको छ । त्यसैले पहिला अलायुधको नै वध गर, अनि मात्र कर्णलाई मार्नु । श्रीकृष्णको कुरा सुनेर घटोत्कचले कर्णलाई छाडी अलायुधसित गई भिड्यो । अनि त त्यस रात्रिकालमा ती दुवै राक्षसबीच तुमुल युद्ध हुन थाल्यो । अलायुध क्रोधले मुर्मुरिएको थियो, उसले एउटा अजङ्गको परिघ उचालेर घटोत्कचको टाउकोमा नै हान्यो । त्यसको चोटबाट घटोत्कचलाई अलिक मूर्छाझैं आयो तर त्यस बलवान्ले आफूलाई संयत पारेर अलायुधमाथि एउटा अजङ्गको गदा हान्यो । वेगबाट हानिएको त्यस गदाले अलायुधको घोडा, रथ र सारथिलाई पिधेंर चूर्ण बनाइदियो ।

अलायुध राक्षसी मायाको आश्रय लिएर आकाशमा उडेर गयो । ऊ माथि आकाशमा जाने बित्तिकै आकाशबाट रगतको वर्षा हुन थाल्यो । आकाशमा कालो बादल छायो, बिजुली चम्कन थाल्यो, भयङ्कर आवाजको साथ वज्रपात हुन थाल्यो । उसको राक्षसी माया हेरेर घटोत्कच पनि त्यसै राक्षसी मायाको आश्रय लिएर आकाशमा उडेर गई अर्को मायाको रचना गरेर अलायुधको मायाको नाश गरिदियो । यो हेरेर अलायुधले घटोत्कचमाथि ढुङ्गाको वर्षा गर्न थाल्यो तर घटोत्कचले आफ्नो बाणको झरीबाट ती ढुङ्गाहरूलाइ नष्ट गरिदियो । फेरि दुवैले एकअर्कामाथि नाना प्रकारका आयुधहरूको वर्षा गर्न थाले । फलामे परिघ, शूल, गदा, मूसल, मुगदर, पिनाक, तरबार, तोमर, प्रास, कम्पन, नाराच, भाला, बाण, चक्र, बन्चरो, फलामका गोलाहरू, भिन्दिपाल, गोशिर्ष र उलूखन आदि अस्त्रशस्त्रबाट तथा पृथ्वीबाट उखेलिएका वर, पाकड, पीपल र सिमल आदि ठूला ठूला वृक्षहरूबाट एकअर्कामाथि प्रहार गर्न थाले । नाना प्रकारका पर्वतका चुचुराहरूलाई पनि उखेलेर एकअर्कामाथि प्रहार गर्न थाले । दुवैले एकअर्काको शिखा समातेर आपस्तमा गुत्थम–गुथा भएर युद्ध गर्न थाले । यसैबेला घटोत्कचले अलायुधलाई बलपूर्वक समातेर बडो जोडले जमीनमाथि पछार्‍यो । अनि उसको छातीमा चढेर कुण्डलमण्डित मस्तक काटेर घटोत्कचले भयङ्कर गर्जना गरेर लाशलाई दुर्योधनको सामु फालिदियो । अलायुधलाई मारिएको हेरेर दुर्योधन आफ्नो सेनासहित अत्यन्त व्याकुल भए । क्रमशः ...

# दाँत र यसको महत्त्व

चुनावको चटारो र अस्वस्थताको कारण आज मैले एउटा हल्काफुल्का विषय चुनेको छु । हल्काफुल्का किनभने मेडिकलका विद्यार्थीले मात्र होइन, स्वयम् एकेडेमीले पनि यही मानेको बुझिन्छ । त्यो विषय हो दाँतको । चिकित्साशास्त्रमा अन्य विषय पढ्नको लागि बढी शुल्क लाग्छ भने दन्त चिकित्सा पढ्न कम शुल्क लाग्छ । यतिमात्र होइन, प्रतियोगी परीक्षामा कम नम्बर आएकाहरूलाई उसको सहमति अनुसार दन्त चिकित्साको अध्ययनमा पठाइन्छ । तर मेरो विचारमा अति महत्त्वपूर्ण विषयलाई कम आकलन गरिएको छ । दाँतको महत्त्व त यसले नै पत्ता लाग्छ कि दिनहुँ यसको हेरचाह र सफाइ गरिएन भने फोहोरी मात्र भइँदैन रोगलाई निमन्त्रण पनि हुन्छ । दाँतको महत्त्व यसले नै पत्ता लाग्छ कि यसको अध्ययनको लागि छुट्टै मेडिकल कलेज हुन्छ । यतिमात्र होइन, सौन्दर्यको मापन पनि मुखको बनावटले नै गरिन्छ । मुखमा दाँत छैन भने सौन्दर्य प्रतियोगिता त के 'अग्ली' प्रतियोगिता पनि जित्न सकिंदैन । दाँतको महत्त्व यति छ कि केवल त्यो मात्र भेटियो भने लाखौं वर्ष पहिलेको जनावर र उसको उमेर आरामले पत्ता लगाउन सकिन्छ । बुटवलमा भेटिएको दाँतले त्यो पाँच करोड वर्ष पहिलेको र मानवको हो भने पत्ता लाग्यो । दाँतको गिन्तीले नै मानिस वा जनावरको उमेर पत्ता लगाइन्छ । गाईभैंसी किन्दा–बेच्दा कति दाँत छ भनेर सोधिन्छ ।

दाँतको सङ्ख्या मानिस र बाँदरमा बराबर र ३२ वटा हुन्छन् । सार्कमा ३०००, सुङ्गुरमा ४४, सिंह र बिरालोमा ३०, घोडामा ४०, हात्तीमा २५, जिराफमा ३२, हिप्पोमा ४०, स्नेलमा ३०००, सर्पमा २५००० दाँत हुन्छन् । दाँतको प्रकार, आकार र तीक्ष्णता कार्निभोरस र हर्बिभोरसमा अलग–अलग हुन्छन् । केनाइन कार्निभोरसमा ठूलो यस कारण हुन्छ कि उसले शिकार गरेर खानुपर्छ । केनाइनले शिकारको गर्धनमा रोपेर मार्छ र टुक्रा पार्छ र अन्य दाँतबाट चपाउँछ । मानिस वा हर्बिभोरसमा चपाउने दाँत र पगार्ने माथिको दाँतको सट्टा मात्र पैड हुन्छ । हर्बिभोरस हात्तीको मस्क ठूलो भएपनि त्यो केवल हेर्न र अरूलाई डराउनको लागि मात्र हुन्छ ।


प्रत्येक प्राणीमा दाँतका दुई सेट हुन्छन् । पहिलो, मिल्क सेट वा मिल्क टीथ (दूधे दाँत) र अर्को पर्मानेन्ट सेट (स्थायी दाँत) । इम्ब्रायलोजिकली पर्मानेन्ट बड्स बढ्दै जान्छ र मिल्क टीथलाई माथि धकेल्दै जान्छ । हुँदाहुँदा मिल्क टीथ झर्छ र पर्मानेन्ट टीथ बाहिर आउँछ । यो प्रक्रिया एकैसाथ होइन, बरु बिस्तारै हुन्छ र बुद्धि बङ्गारा भने त २५ वर्षपछि नै आउँछ । डाल्फिनमा दाँतको केवल एकमात्र सेट हुन्छ । प्राणीको दाँत यति निश्चित हुन्छ कि उसलाई एउटा डेन्टल फर्मुलाले व्यक्त गर्न सकिन्छ । मानिसको मिल्क टीथको फर्मुला २१२० र पर्मानेन्ट टीथको फर्मुला २१२३ हुन्छ । । यसको मतलब जबडाको आधा भागमा दुई इन्साइजर एक केनाइन, दुई प्रिमोलर दाँत र मोलर जीरो हुन्छ । जम्मा पाँच माथि र तल पनि पाँच भयो । मतलब आधा जबडामा माथि–तल मिलाएर १० वटा दाँत भए । यसलाई दुईले गुणन गरियो भने २० हुन्छ । यसको मतलब यो भयो कि दूधे दाँतको सङ्ख्या २० हुन्छ । स्थायी दाँतको फर्मुला २१२३ हुन्छ । अर्थात् इन्साइजर दुई, केनाइन एक, प्रिमोलर दुई र मोलर तीन हुन्छन् । यसलाई दुईले गुणन गरियो भने ३२ हुन आउँछ ।

मानिसको दाँत माथि र तलको जबडामा फिट हुन्छ । माथिको जबडा दुईटा मैक्जिलरी बोन मिलेर बन्छ । तलको जबडा एउटै मान्डिबुलर बोनले बनेको हुन्छ । यी जबडामा दाँत फिट हुने सकेट बनेका हुन्छन् । यी सकेटहरूको




वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com


**बुढेसकालमा सबै दाँत झरेपछि कस्मेटिक डेन्चर पनि पाइन्छ, जसबाट प्राकृतिक दाँत जस्तो चपाउन सकिंदैन । त्यस कारण आज वैज्ञानिकले झरेको दाँतलाई फेरि उमार्ने उपायमा लागेका छन् । यो भयो भने त्यो धेरै क्रान्तिकारी हुनेछ किनभने दाँतको महत्त्व सर्वाधिक छ ।**




तारतम्य यसरी बनेको हुन्छ कि मुख बन्द गर्दा माथिको दाँत आफ्नो साथी तलको दाँतसँग पूर्णरूपले फिट हुन्छ । यसलाई अक्लुजन भनिन्छ । यसै अक्लुजनको कारणले हामीले भोजन चपाउन र समात्न एउटा फोर्स लगाउँछौं । यस फोर्सलाई अक्लुजन फोर्स वा ह्वाइट फोर्स भनिन्छ । मानिसमा सामुन्नेको केनाइन दाँतको फोर्स ५० देखि १०० पाउन्ड र बाँकी दाँतको फोर्स १५० देखि २०० पाउन्ड हुन्छ । गोहीमा यो फोर्स सबैभन्दा बढी तीन हजार ७०० पाउन्ड हुन्छ । अक्लुजन छैन भने चिकित्सकले त्यसलाई मिलाउनुपर्छ । दुर्घटनामा जब जबडा फ्रैक्चर हुन्छ, तब दाँतलाई डेन्टल सर्जन र कस्मेटिक सर्जनले मिलाउने गर्छन् । दाँतको केवल चपाउने, टोक्ने काम मात्र होइन, यसले फैसियल सुन्दरता पनि प्रदान गर्छ । दाँत त्यो अङ्ग हो, जसलाई हेला गरियो भने पेटमा अपच वा गडबडी मात्र होइन, मुटुरोगको कारण पनि बन्छ । यति महत्त्वपूर्ण भएपनि हामीले के हेर्छौं भने बुढेसकाल नलागेसम्म कोही पनि दाँतको चिकित्सककहाँ जाँदैनन् । केही दशक पहिले त यस्तो दयनीय हालत थियो वीरगंजमा कि कहीं कोही दाँतको उपचारको नाममा बसेको छ । उनीहरूको काम आफैं फुस्किने दाँतलाई उखेल्नेबाहेक केही थिएन । मान्छे आयो, दाँत उखेल्न लगायो र गयो । यसभन्दा खतरनाक अरू केही होइन । आजभोलि केही सचेतना विस्तारित भइरहेको छ । बच्चाहरूलाई पनि देखाउने बानी बिस्तारै बढ्दै छ ।

तर दन्त चिकित्सा वा देखभाल त्यति नै पुरानो छ, जति पुरानो मानव सभ्यता छ । यसको प्रमाण ७००० र ५५०० बिसीदेखि नै भेटिन्छ । दन्त चिकित्साका पिता सन् १७२३ मा जन्मेका एकजना फ्रान्सेली पियरे फोचार्डलाई मानिन्छ । आधुनिक दन्त चिकित्साको श्रेय डा हेशायरलाई जान्छ । उनी दन्त चिकित्साका साथै असलमा एक चर्चित फिजिसियन थिए ।

**दाँतको बनावट :** दाँतका दुई भाग हुन्छन् । बाहिर जुन देखिने गरी हुन्छ, त्यसलाई क्राउन र नदेखिने भित्रको भागलाई रूट भनिन्छ । दाँत शरीरको सबैभन्दा बलियो अङ्ग हो र त्यस कारण यसलाई हाडसँग दाजिन्छ तर दाँत हाड होइन । दाँतमा क्याल्सियम, म्याग्नेशियम, पोटाशियम, फास्फोरस र अन्य मिनरल हाड सरह नै भएपनि कोलेजन फाइबर नामक हाडमा हुने तत्त्व दाँतमा हुँदैन । टुटफुट भएमा यस कोलेजनले त्यसलाई जोड्ने जेलीको काम गर्छ । चिकित्सकले त केवल प्लास्टर गरेर त्यस भागलाई स्थिर मात्र बनाउँछ । बाँकी जोड्ने काम त त्यही जेलीले गर्छ । दाँतमा यही जेली हुँदैन । त्यस कारण दाँत टुट्यो भने जोड्न सकिंदैन । वास्तवमा पल्पबाहेक दाँतका सबै भाग बढेको नङ र कपाल जस्तो मृत नै हुन्छ । दुख्ने कुरा त केवल पल्पमा मौजुद सघन नर्भले हुन्छ । केवल पल्पमा नै दाँतसम्बन्धी नर्भ, रगत र लिम्फैटिक्स हुन्छन् । गिजामा भित्र पस्नुभन्दा ठीक पहिलेको सानो भागलाई नेक भनिन्छ ।

**इनामेल:** दाँत निस्कनुभन्दा पहिले नै गिजामाथि दाँतलाई छोप्ने एम्लियोब्लास्ट भन्ने तत्त्वले एउटा हार्ड कैपको रूपमा बनाएर तयार रहन्छ । यो क्याल्शियम, सोडियम, पोटाशियम, म्याग्नेशियम र फास्फोरस आदि तत्त्वले यति साह्रो बनेको हुन्छ कि कुनै अम्ल वा क्षारमा यो घुलनशील हुँदैन र इनामेललाई बिगार्न सक्दैन । तर पनि हाइली एसिडमा क्याल्शियम अलि घुल्न सक्छ र केरिजको कारण बन्छ । यो हाडभन्दा पनि बढी कडा हुन्छ तर एकपटक दाँतमा फिट भएपछि बनिरहँदैन । यही कारण हो कि दाँत पुरानो भएपछि अमिलो खाएपछि दाँत सिरिङ हुन्छ । यति कडा भएपनि यो हाड होइन । कपालको किरैटिन जस्तो निर्जीव हुन्छ । रूट त्यो भाग हो, जुन गिजाभित्र जान्छ । यो चारैतिरबाट घेरिएर इनामेल जस्तै एउटा कडा संरचनाले बनेको हुन्छ, जसलाई डेन्टिन भनिन्छ । कडा त यो पनि हुन्छ तर इनामेलभन्दा कम । इनामेल जस्तो डेन्टिन पनि कडा तर सघन हुन्छ । यसमा हड्डीजस्तो नर्भ, रगत र बोनसेल्स अर्थात् ओस्टियोब्लास्ट, ओस्टियोक्लास्टहरू हुँदैनन् । यो ओडन्टोब्लास्ट नामक एक सेल मेम्ब्रेनबाट पोषण प्राप्त गर्छ, जुन चारैतिरबाट पल्पलाई घेर्छ ।

**सिमेन्टम :** डेन्टिनलाई कभर गर्ने अर्को एउटा कडा पदार्थ हो, जसले दाँतलाई जबडाको सकेटमा समातिराख्ने एक मजबूत एडहेरेन्टको काम गर्छ ।

**पल्प :** यही दाँतको सबैभन्दा सेन्ट्रल क्याभिटी हो, जसमा दाँतसम्बन्धी सबै नर्भ, रगत र लिम्फैटिक कोषहरू हुन्छन् । दाँतको कुनै पनि रोग जब यस क्याभिटीसम्म पुग्छ अनिमात्र दाँतको दुखाइ महसूस हुन्छ ।

दूधे दाँत २० वटा हुन्छन्, जो जन्मेको सात वा आठ महीनामा आउन शुरू हुन्छ र दुई वर्षभित्र सबै निस्की सक्छ तथा ११ देखि १३ वर्षसम्म रहन्छ । कुपोषणले दाँत आउनमा विलम्ब हुन सक्छ ।

दाँतमा हड्डीसरह नै मिनरलहरूको रिअब्जर्भेसन र डिपोजिसन निरन्तर भइरहन्छ । अर्थात् दाँतका पुराना मिनरलहरू अब्जर्भ हुँदै र त्यस ठाउँमा नयाँ डिपोजिट हुँदै जान्छ ।

**सिमेन्टममा:** यो लगभग हड्डीको अनुपातमा र रफ्तारमा नै हुन्छ तर डेन्टिनमा मात्र एक तिहाइ हुन्छ । इनामेलमा धेरै नै कम वा हुँदैहुँदैन भने पनि हुन्छ ।

पाठकवृन्दले मेरो लेखमा केवल शरीररचना र शरीरक्रिया विज्ञानको चर्चा नै भएको अवश्य नोट गर्नुभएको हुनुपर्छ । रोगको चर्चा अलग्गै वर्णनको

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा


- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज


जसले धेरै माग्यो, उसैले धेरै पाउँछ भन्ने पनि छैन । भगवान्ले सबै व्यवस्थालाई धेरै राम्ररी मिलाएर राखेका छन् । जसले आफ्नो मनलाई जागृत राखेर आफ्नो पवित्र कर्म तथा सृजनात्मक विचारहरूद्वारा आफ्नो पुरुषार्थ गर्छ, उसलाई सबै थोक प्राप्त हुन्छ । अर्थात् उसले आन्तरिक जीवनमा भगवान्वाला आनन्द प्राप्त गर्छ । हाम्रो जीवनको अन्तिम लक्ष्य पनि यही हो । यो संसारमा भगवान्ले प्रत्येक ठाउँमा सकारात्मक तथा नकारात्मक दुवै कुरा साथसाथै बनाएका छन् । हामीहरू हरेक क्षण जागृत अवस्थामा रहौं, आफ्नो लक्ष्य नभुलौं र आफ्नो पुरुषार्थको उपयोग हरेक क्षण गरौं भनेर गरेका हुन् ।

हामीहरू सकारात्मकतालाई छानौं र नकारात्मकतालाई छाडौं । फूलसँगै काँडा पनि हुन्छ, त्यही भएर फूल टिप्दा जागृत अवस्थाको खाँचो पर्छ । यदि फूलको साथसाथमा काँडा नहुँदो हो त होश पुर्‍याएर फूल टिप्नुपर्ने आवश्यकता पर्ने थिएन । यसैले हामीहरू सधैंभरि सचेत रहनुपर्छ । हामीहरूले हरेक क्षणमा पुरुषार्थ गर्दा आफ्नो जागृत अवस्था छोड्नुहुँदैन । जोश र होश सधैंभरि साथसाथै चाहिन्छ । खाली मुढेबलद्वारा हामीहरूले आनन्द प्राप्त गर्न सक्नेछैनौं । यो संसारमा धेरै सुन्दर फूल फुलेका छन् तर ती सबै फूल काँडाहरूको बीचमा फुलेका छन् । म कमजोर छु, म अज्ञानी छु, यसैले फूलका काँडाहरू हटाइदेऊ भनेर भगवान्लाई भन्ने कि त्यो फूल म टिप्न सक्दिनँ, टिपेरै ल्याइदेऊ भनेर भगवान्लाई भन्ने कि आफ्नो बल, बुद्धि, जोश र जाँगरको उपयोग गरी ती काँडाहरूको बीचमा रहेको फूल टिप्ने हो, त्यो तपाईंकै हातमा छ । भगवान्सँग माग्न यति समय खर्चिनुभन्दा राम्रो तपाई भगवानलाई धन्यवाद दिनोस् र भगवान्लाई भन्नोस्– हजुरले यति सुन्दर संसार बनाइदिनुभएको छ, यत्तिका धेरै सुन्दर फूल फुलाइदिनुभएको छ र मलाई त्यो फूल टिप्न सकोस् भनेर मलाई यति बल र बुद्धि दिनुभएको छ । यस्तो किसिमको भावना राख्नुभयो भने तपाईंमा आत्मबल आउनेछ । आफैंले आफैंलाई माग्ने नबनाउनुस् । आफैंले आफैंलाई यति बलियो बनाउनोस् कि तपाई सर्व शक्तिवान् चक्रवर्ती राजा हुनुहुन्छ ।

केही मानिसहरू धेरै बाठा हुन्छन् । उनीहरू सीधा आफ्नोलागि भगवान्सँग केही माग्दैनन् । उनीहरू भगवान्सँग पूरा संसारको कल्याण माग्छन् । म कति महान् कार्य गरिरहेको छु भनेर संसारलाई देखाउन चाहन्छन् । विश्वकै लागि राम्रो काम गरिरहेको छु भनेर देखाउन चाहन्छन् । कम्तीमा यति याद गरौं कि माग्ने तरीका जुनसुकै होस् मागेर केही पाइँदैन । कमसेकम यस्तो माग्ने जस्तो लाजमर्दो कामलाई सुन्दर शब्दको रङ्गबिरङ्गी माला नपहिर्‍याऔं । जसले भगवान्सँग केही मागेन केवल सत्कर्म र आचरण गरिरह्यो, उसलाई जीवनमा सुख प्राप्त भयो कि भएन, जसले कर्म र आचरणमा ध्यान दिएन, उसलाई जीवनमा सबै थोक प्राप्त भयो कि भएन, हामीहरूले जाँच गर्‍यौं भने सबै कुरा स्पष्ट थाहा पाउँनेछौं । हामीहरूले भगवान्को सेवा पूजा गरेनौं भने भगवान् रिसाएर हाम्रो सबैथोक खोस्नेछन् भन्ने सोचेर भगवान्को सेवा पूजा गर्नु पनि एक किसिमले माग्नु नै हो ।

जब हामी कुनै मानिसलाई भगवान् मान्न थाल्छौं, तब हामीहरूलाई हाम्रो दुर्गति हुनबाट कसैले रोक्न सक्दैन । जसलाई हामीहरू भगवान् मान्छौं, उसले पूर्णरूपमा हाम्रो शोषण गर्ने सम्भावना रहन्छ । डरपोक शिष्य भेटेपछि उसले जे पनि गराउन सक्छ । यसैले मानिस जतिसुकै राम्रो लागे पनि उसलाई मानिस नै मान्नुहोस्, यसैमा भलाइ छ । मानिसलाई साक्षात् भगवान् मान्नु धेरै जोखिमपूर्ण काम हो । जसलाई हामीहरू सशरीर देख्न सक्छौं, जसले हामीहरूसँग कुराकानी गर्न सक्छ, जसलाई हामीहरू भेट्न सक्छौं, ऊ केवल मानिस वा गुरु हुन सक्छ । भगवान्लाई सशरीर हेर्ने इच्छा मनमा नराखौं, यही इच्छाले नै हामीहरूलाई गलत बाटोतिर लैजान्छ । भगवान्लाई केवल महसूस गर्न सिकौं, त्यही आभासले नै तपाईंलाई आनन्दको सागरमा लैजानेछ । तपाईंभित्रको डर हटेर जानेछ र तपाईंको आत्मामा अक्षुण बल समाहित हुनेछ । तपाई आन्तरिकरूपमा बलियो हुनुहुनेछ ।

मानिसले एकपटक आफ्नो स्थितिलाई ठीकसँग बुझ्यो र आफ्नो जीवनको मार्गलाइ स्फटिक मणि जस्तै सफा पार्‍यो भने हरेक मानिसभित्र लुकेर बसेको सृजन शक्तिको भण्डार सामुन्ने प्रकट हुनेछ तर मानिस आफ्नो जीवन द्विविधामा बिताइदिन्छ । ऊ जीवनभरि यस्ता–यस्ता गतिविधिहरू गर्छ, जुन एकअर्काका विपरीत हुन्छन् । आफ्नो विवेकमाथि पहरा राखेको छ कि यी सङ्गीन पहरेदारले उसको विवेकलाई जागृत हुन दिंदैनन । धर्म, अध्यात्म, देवी–देवता आदि शब्दहरूलाई आफ्नो पहरेदार नबनाउनुस् । यी शब्दहरूको भावार्थ विवेकको साथ बुझ्नुभयो भने जीवनको कल्याण छ तर यस किसिमका शब्द तपाईंको जीवनमा आउने बित्तिकै तपाई आफ्नो विवेक पूर्णरूपले भुलिहाल्नुहुन्छ । त्यसपछि तपाईंसँग कसैले पनि जे पनि गराउन सक्छ । यी महान् पहरेदार शब्दहरूबाट तपाईंको जीवन–कमल फुल्नेछैन र ओइलाएर जानेछ । समाप्त

## अन्तर्राष्ट्रिय समाचार

# चित्रकारको हत्यामा संलग्न ४९ जनालाई मृत्युदण्ड

अल्जियर्स, ९ मङ्सिर/एपी

अल्जेरियाको एक अदालतले एकजना चित्रकारको क्रुर ढङ्गले गरिएको हत्यामा संलग्न ४९ जनालाई मृत्युदण्डको सजाय सुनाएको छ। गत वर्ष देशको उत्तरपूर्वी क्षेत्र काबिलीको जङ्गलमा आगो लगाएको आरोपमा एक सय जनाभन्दा बढीको भीडले चित्रकारको हत्या गरेको थियो।

अधिकारीहरूका अनुसार वन डढेलो निभाउन गएका सैनिकसहित ९० जनाको ज्यान गएपछि स्थानीयले चित्रकार जामेल बेन इस्माइलको क्रूरतापूर्वक हत्या गरेका थिए। एक जना पुरुष र तीन जना महिलाले उनको शवलाई काटेर टुक्राटुक्रा परी अन्तिममा जलाएका थिए। ती कलाकारले आफू आगो निभाउन जङ्गलमा जान लागेको सामाजिक सञ्जालमा उल्लेख गरेका थिए। स्थानीयले जामेललाई आफ्नो क्षेत्रमा कहिल्यै नदेखेको तथा निजले नै वनमा आगो लगाएको आशङ्कामा उनलाई मारेका थिए।


चित्रकार जामेल बेन इस्माइल।

चित्रकार जामेलको हत्यामा एक सय जनाभन्दा बढी संलग्न रहेका थिए तर मुद्दा दर्ताका बखत सबैलाई विपक्षी बनाइएको थिएन। मृत्युदण्डको सजाय सुनाइएकालाई आजिवन कारावासको दण्ड हुनसक्ने अधिकारीहरूले बताएका छन्। अल्जेरियाले मृत्युदण्डमा रोक लगाएकाले त्यो कारावासको सजायमा रूपान्तरण हुनसक्नेछ। केहीलाई केही वर्षको सजाय सुनाइएको छ भने ३८ जनालाई दुईदेखि १२ वर्षसम्मको जेल सजाय तोकिएको छ। रासस

# आप्रवासीको सुरक्षामा ध्यान दिन राष्ट्रसङ्घको आग्रह

जेनेभा, ९ मङ्सिर/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले भू-मध्यसागर पार गर्ने क्रममा विभिन्न देशहरूबाट आप्रवासीका रूपमा युरोप प्रवेश गर्नेहरूका लागि सुरक्षा मापदण्ड अपनाउन आग्रह गरेको छ।

संयुक्त राष्ट्रसङ्घले युरोपेली देशहरूलाई सो आग्रह गरेको समाचारमा जनाइएको छ। संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्च आयुक्त फिलिपो ग्रान्डीले युरोपेली युनियनलाई सो आग्रह गरेका हुन्।

युरोपेली युनियनलाई उनले युरोप जानका लागि भू-मध्य सागर पार गर्ने क्रममा आप्रवासी तथा युरोप छिर्ने मध्यपूर्वी तथा अन्य देशका आप्रवासीहरूलाई सुरक्षित मापदण्डहरू अपनाउन र आप्रवासीहरू प्रवेश गर्ने मार्गमा सुरक्षा प्रबन्ध गर्न आग्रह गरेका हुन्।

युरोपेली युनियनको न्याय परिषदको बैठकमा युरोपेली देशहरूका गृहमन्त्रीहरूसँगको भेटघाटको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसङ्घका शरणार्थी तथा आप्रवासनसम्बन्धी प्रमुखले यो आग्रह गरेको समाचारमा जनाइएको छ।

उनले भू-मध्य सागर पार गर्ने क्रममा तथा यही मार्गमार्फत युरोप प्रवेश गर्ने क्रममा तथा युरोप भएर आप्रवासीहरू जाने क्रममा यस वर्षमात्र कम्तीमा पनि दुई हजार जना विभिन्न देशका आप्रवासी तथा शरणार्थीको मृत्यु भएको या हराएका पनि जानकारी दिएका छन्।

युरोप प्रवेश गर्ने एवं युरोप भएर जाने आप्रवासीहरूका साथै शरणार्थीहरूको बाटो असुरक्षित हुन पुगेको उनको भनाई थियो। उनले युरोपका सबै देशहरूलाई यस्तो सुरक्षित मापदण्ड अपनाउन आग्रह गरेका थिए।

# पिउने पानी र प्रकाशको अभावमा छटपटाइ रहेछन् किएभका बासिन्दा

किएभ, ९ मङ्सिर/एपी/रासस

करिब नौ महिनादेखि रूसी आक्रमण झेलिरहेका युक्रेनी नागरिकको जीवन कष्टकर बनिरहेको छ। राजधानी किएभका बासिन्दा बिहीवार पिउने पानी र प्रकाशको अभावमा छटपटाइ रहेका थिए।

अघिल्लो दिन रूसी बम आक्रमणमा पानी र बिजुली आपूर्तिका स्रोत तहसनहस भएपछि प्रकाश, पानी र न्यानोको खोजीमा किएभका जनता हातमा खाली बोतल बोकेर आध्यारोमा शहरका चमेनागृहतर्फ लागेका थिए। बत्तीको सामान्य व्यवस्था भएका ती चमेनागृहमा ठूलो भीड लागेको थियो।

बिहीवार रातिको दृश्य हेर्दा युक्रेनी नागरिक युद्धलाई वेवास्ता गर्दै जीवन जिउने जमर्कोमा लागेका प्रतीत हुन्थ्यो।

तीस लाख नागरिकको बसोबास रहेको राजधानी शहर किएभमा पिउने पानीको अभाव भएपछि सर्वसाधारणले वर्षाको पानी बग्ने 'ड्रेनपाइप'बाट जल सङ्कलन गरेका थिए। पानी आपूर्तिको व्यवस्था मिलाउन मर्मत गर्ने टोली अथक परिश्रममा जुटेको थियो। यद्यपि धारामा पानी प्रवाह भइसकेको थिएन।

पिउने पानी नपाएर आकुलव्याकुल बनेका नगरवासी आफ्ना साथी, परिचित तथा परिजन कसको घरमा बिजुली छ, कसको घरमा पानी छ भनेर मोबाइल फोनमा सन्देश आदानप्रदान गरिरहेका थिए। कुनै घरमा पानी भए बत्ती थिएन, बत्ती भए पानी। नगरमा अघिल्लो दिन गरिएको भीषण हवाई आक्रमणले अकल्पनीय परिस्थितिको सामना गर्न उनीहरू बाध्य भएका थिए। यद्यपि किएभका केही स्थानमा सञ्चालन भएका चमेनागृहले उनीहरूलाई राहत दिएको थियो।

उनान्चालीस वर्षीय ब्याङ्कर ओलेक्सी रश्चुपकिन तेस्रो तलाको आफ्नो फ्ल्याटमा पानी आएको थाहापाएपछि ब्युझिए तर उनको रेफ्रिजेरेटरबाट बगेको पानीले कोठा पोखरीमा परिणत भएको थियो।

बिजुली आपूर्ति नहुँदा उदास भएका उनी ट्याक्सी चढेर निपर नदी पारिको क्याफेमा पुगे जहाँ तातो खाना, तातो पेय र वाइफाईसहितको सेवा प्रवाह भइरहेको थियो। रूसी आक्रमणबाट क्याफेमा कुनै प्रभाव नपरेकाले उनको असहज परिस्थिति केही सहज भयो। "म यहाँ छु किनभने यहाँ तातो कफी पाइन्छ, उज्याला पनि छ, अनि यहाँ जीवन छ," एशोसिएटेड प्रेसका संवाददातालाई उनले भने।

किएभ नगरका प्रमुख भिटाली क्लित्सकोले बिहीवार बिहानसम्म शहरका ७० प्रतिशत क्षेत्रमा बिजुली आपूर्ति पुनर्स्थापना गरिएको बताए। रूसी आक्रमणमा परी चार जनाले ज्यान गुमाएका बताउँदै उनले क्षेप्यास्त्र आक्रमणमा परी एक जना महिलाको पनि मृत्युभएको जानकारी दिए। हिमपातपछिको वर्षाले कठाङ्ग्रिएको किएभको जनजीवन पुनः पुरानै अवस्थामा फर्कने अपेक्षा गरिएको छ।

युक्रेनीहरू रूससँग हार नमान्ने मनावलका साथ आफ्ना सुरक्षा बललाई ढाडस दिइरहेका छन्। बिजुली, पानीजस्ता अत्यावश्यक आधारभूत सुविधा नभए पनि उनीहरू पुटिनसँग कुनै किसिमको सम्झौता गर्न तयार छैनन्।


## आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडापरिश्रम |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## कर्मचारी आवश्यकता

नेपाल राष्ट्र बैंकबाट 'ग'वर्गको इजाजत प्राप्त वित्तीय संस्था **मञ्जुश्री फाइनान्स लिमिटेड**को वीरगंज शाखा कार्यालयको लागि करार सेवामा कर्मचारी आवश्यकता भएकोले देहाय बमोजिमको पदको लागि दरखास्त आह्वान गरिएको छ।

- **सङ्ख्या** : ५ देखि १० जनासम्म।
- **न्यूनतम शैक्षिक योग्यता** : स्नातक तह उत्तीर्ण
- **उमेर** : योग्य तथा अनुभवीलाई उमेरको हदबन्दी नभएको।
- इच्छुक उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण तथा निवेदनमा कार्य गर्न इच्छुक शाखा उल्लेख गरी vacancy@manjushreefinance.com.np मा २०७९।०८।१६ भित्र पठाइसक्नुपर्नेछ।
- **नोट** : अन्य सङ्घ संस्था (बैंकिङ्ग/ बीमा/ शिक्षण आदि) बाट सेवानिवृत्त भई करारमा काम गर्न इच्छुक व्यक्तिहरूलाई प्राथमिकता दिइने छ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

**घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं, सभ्यताको परिचय दिऔं।**

वीरगंज महानगरपालिका कार्यालय


# जगदम्बा इन्टरप्राइजेजले ४८ मेगावाट बिजुली लिने

काठमाडौं, ९ मङ्सिर/रासस

बारा-पर्सा औद्योगिक करिडोरमा सञ्चालित जगदम्बा इन्टरप्राइजेजले थप बिजुली पाउने भएको छ।

सो उद्योग ४८ मेगावाटसम्म विद्युत् लिन नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा जोडिएको छ। फलाम र स्टिल उत्पादन गर्दै आएको उद्योगले क्षमता विस्तारका लागि प्राधिकरणबाट थप विद्युत् लिन लागेको हो। यसअघि कूल ४४ मेगावाट लिंदै आएकामा अब थप चार मेगावाट लिने जनाइएको छ।

प्राधिकरणले परवानीपुर १३२ केभी सवस्टेशनबाट ६६ केभी प्रसारण लाइनमार्फत् उद्योगलाई थप विद्युत् आपूर्ति दिने छ। थप विद्युत् आपूर्तिका लागि बिहीवार उद्योग परिसरमा राखिएको ६६/११ केभी, ५० एमभिए क्षमताको ट्रान्सफर्मर परीक्षण गरी सञ्चालनमा ल्याइएको छ। उद्योगले आफ्नै खर्चमा उद्योग परिसरमा ६६ केभीको स्वीचयार्ड बनाएको छ। प्राधिकरणको प्राविधिक टोलीको उपस्थितिमा बिहीवार स्वीचयार्डको परीक्षण तथा सञ्चालन गरिएको हो।



योसँगै जगदम्बा इन्टरप्राइजेज विद्युत् आपूर्ति लिने सबैभन्दा ठूलो ग्राहक बनेको प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख रामु श्रेष्ठले बताए। 'उद्योगले अहिले चार दशमल आठ एमभिएको लोड लिइरहेको थियो, थप ४४ एमभिए लोड दिनका लागि लाइन तथा ट्रान्सफर्मर परीक्षण सम्पन्न गरी क्रमशः स्वीकृति लोडबमोजिम थप विद्युत् दिन शुरु गरिएको छ', उनले भने, 'स्वीकृति लोडअनुसार विद्युत् लिएमा उद्योगले मासिकरूपमा रु २० करोडभन्दा बढी महसुल तिर्ने छ।'

# लोसपा अध्यक्ष ठाकुर महोत्तरी-३ बाट निर्वाचित

महोत्तरी, ९ मङ्सिर/रासस

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर महोत्तरी-३ बाट दोस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्।

शुक्रवार साँझ सम्पन्न मतगणना परिणामअनुसार ठाकुर १६ हजार तीन सय ७५ मत प्राप्त गरी विजयी भएको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय जलेश्वरले जानकारी दिएको छ।

ठाकुरका निकटतम प्रतिस्पर्धी जसपा नेपालका हरिनारायण यादवले १४ हजार तीन सय २५ मत प्राप्त गरेका छन्।

यसअघि यसै क्षेत्रबाट निकटतम प्रतिस्पर्धीभन्दा झन्डै तेब्बर मत पाएर जितेका ठाकुरले यसपालि भने कसिलो प्रतिस्पर्धा गर्नुपरेको छ। चार प्रतिनिधिसभा क्षेत्र रहेको जिल्लामा आजै दिउँसो लोसपाकै वरिष्ठ नेता शरतसिंह भण्डारी महोत्तरी-२ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएको घोषणा भइसकेको छ।



भण्डारीले २५ हजार एक सय ९० मत प्राप्त गरी जित हासिल गरेका हुन्। उनका निकटतम प्रतिस्पर्धी तमलोपा नेपालका डा विजयकुमार सिंहले ११ हजार १२० मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालय महोत्तरी-३ बलवाले जानकारी दिएका थिए। जिल्लाका अन्य दुई प्रतिनिधिसभा क्षेत्र १ र ४ को परिणाम आउन अझै बाँकी छ। यता जिल्लाका आठ प्रदेशसभा क्षेत्रमध्ये सात वटाको परिणाम सार्वजनिक भइसकेको छ भने महोत्तरी-१ (१) को मतगणना जारी छ।

## निर्वाचन अपडेट....

विजयी भएका छन्।

एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादीका उपमहासचिव वर्षमान पुन र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने २५ हजार बढी मतान्तरहित विजयी भएका छन्। ओलीले आफ्ना प्रतिद्वन्द्वी खगेन्द्र अधिकारीलाई २८ हजार पाँच सय ७६ मतले पराजित गरे। पुनले पूर्ण बुढा मगरलाई २५ हजार दुई सय ३९ मतले पछि पारी विजयी भए।

त्यस्तै रास्वपाका अध्यक्ष लामिछानेले निकटतम प्रतिद्वन्द्वी उमेश श्रेष्ठभन्दा ३४ हजार तीन सय १२ बढी मत प्राप्त गरे।

### जेठा-कान्छा

प्रतिनिधिसभाको यस निर्वाचनमा हालसम्म निर्वाचित हुने सबैभन्दा ज्येष्ठ सदस्यका रूपमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी हुनुहुन्छ। असी वर्षीय उनी बागलुङ निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित भएका हुन्।

प्रधानमन्त्री शेरबहादुर देउवा डडेलधुरा-१ बाट निर्वाचित भएका छन्। उनी ७७ वर्षको हुनुहुन्छ। नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित राप्रपाका ध्रुवबहादुर प्रधान ७३ वर्षको हुनुहुन्छ। एमाले अध्यक्ष केपी शर्मा ओली झापा ५ बाट निर्वाचित भएका छन्। उहाँ पनि ७० वर्षका हुनुहुन्छ।

यसैगरी रूपन्देही-४बाट निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टीका सर्वेन्द्रनाथ शुक्ला ७२ वर्षीय र मोरङ-६ बाट निर्वाचित काङ्ग्रेसका डा शेखर कोइराला ७२ वर्षीय हुनुहुन्छ।

हालसम्म सबैभन्दा कान्छो उमेरको सांसदका रूपमा सोविता गौतमको प्रवेश भएको छ। आयोगबाट प्राप्त विवरणअनुसार उनी २७ वर्षीया हुनुहुन्छ। गौतम काठमाडौं निर्वाचन क्षेत्र नं २ बाट निर्वाचत भएका हुन्। यस्तै मुस्ताङ निर्वाचन क्षेत्र नं १ बाट २९ वर्षीय योगेश गौचन थकाली र जुम्ला निर्वाचन क्षेत्र नं १ बाट ३० वर्षीय ज्ञानबहादुर शाही पनि कम उमेरका सांसदको सूचीमा परेका छन्।

प्रत्यक्षतर्फ निर्वाचित महिला सांसदको सङ्ख्या न्यून देखिएको छ। हालसम्म पाँच महिला नेत्रीले प्रत्यक्षतर्फको निर्वाचन जितेका छन्। एमाले र रास्वपाका दुई/दुई र माओवादीका एक महिलालाई मात्र सफलता मिलेको छ। धनुषा ३ बाट एमालेकी जुलीकुमारी महतो (महासेठ) र कास्की २ बाट विद्या भट्टराई तथा दाङ २ बाट माओवादीकी रेखा शर्मा तथा रास्वपाबाट काठमाडौं २ मा सोविता गौतम र ललितपुर ३ मा तोसिमा कार्की विजयी भएकी छन्।

मधेसी समुदायबाट हालसम्म काङ्ग्रेसका दिनेशकुमार यादव सप्तरी ३, रामकृष्ण यादव धनुषा २, अजय चौरसिया पर्सा २, एमालेका रामशङ्कर यादव सिरहा १, जुलीकुमारी महतो (महासेठ) धनुषा ३ र माओवादीका अमनलाल मोदी मोरङ ४, लोसपाका रामप्रकाश चौधरी सर्लाही १, सर्वेन्द्रनाथ शुक्ला रूपन्देही ४, जसपाका वीरेन्द्रप्रसाद महतो सिरहा ४ र प्रदीप यादव पर्सा १ र जनमत पार्टीका चन्द्रकान्त राउत सप्तरी २ बाट निर्वाचित भएका छन्।

स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल मोरङ ५, अमरेशकुमार सिंह सर्लाही ४, किरणकुमार साह रौटहट २, प्रभू साह रौतहट ३ र लालवीर चौधरी बर्दिया २ बाट विजयी भएका छन्।

## राम-सीता ...

संस्कृतिको रूपमा विकास भइसकेको थियो भन्ने स्पष्ट बुझ्न सकिन्छ।

आफ्नो हैसियत अनुसार दिइने यही दहेजको संस्कृति कालान्तरमा लोभीहरूको कारणले विवाहपूर्व नै योग्यताको एउटा आधार बन्न जाने विकृति हुन गएको छ। वास्तवमा विवाहपूर्व यो वा त्यो अथवा यत्ति वा त्यत्ति नगद वा जिन्सीको माग गर्नु, लेनदेनको प्रसङ्ग निकाल्नु सामाजिक कलङ्क हो। यसलाई हाम्रो संस्कृतिविरोधी पनि मान्न सकिन्छ तर संस्कृतिको विषयमा यो पनि भनिएको पाइन्छ कि कुनै समाजमा सामान्यरूपमा हरेकले जे धारण गर्दछ, त्यो संस्कृति बन्न पुग्छ। यद्यपि दहेजको संस्कृति भने अहिले विपरीत हुन पुगेको छ। विपरीत संस्कृतिलाई हटाउने तर छोरीको मान र प्रतिष्ठा बढाउन तथा छोरीको सम्पत्तिमा पनि हक लाग्छ भन्ने मान्यतालाई स्थापित गर्न सोही अनुसारको व्यवहार गर्न सकिन्छ।

रामायणकालमा रहेको दहेज संस्कृतिलाई एक किसिमले सम्पत्तिमा छोरीको हक लाग्थ्यो र पिताले स्वैच्छिकरूपमा छोरीलाई विवाहोपरान्त सम्पत्ति दान गर्दथे भनेर बुझ्न सकिन्छ। यस संस्कृतिले बिस्तारै विकृतिको रूप लिंदै गर्दा विवाहको एउटा रीति वा विधिसित जानीजानी अन्तर्घात भएको देखिन्छ।

## दाँत ...

माग गर्छ र यसको सिलसिला शुरू भएको छैन। केही साधारण रोगका बारेमा अलिअलि बताएको छु। त्यस्तै, दाँतका रोगमा मुख्यतः केरिज र मालओक्लुजन आउँछ। केरिज डेन्टल प्लेकले विकसित हुन्छ। प्लेक भने र्‍यालसँग खाना मिलेर बनाउने एक परत हो, जो दाँतमा टाँसिएर बस्दै जान्छ। जति सफा गरे पनि यो त बन्छ नै। त्यसैले प्रत्येक छ/छ महीनामा कुशल दन्त चिकित्सकबाट दाँतको सफाइ गराइराख्नुपर्छ। चेतनाको कमीका कारण यस्तो गराउनेको सङ्ख्या नगन्य नै छ। यो प्लेक स्ट्रेप्टो कोकस म्युटेन्स नामक ब्याक्टेरियाको खजाना हो। यसको सम्बन्ध बढी कार्बोहाइड्रेट खानेसँग होइन, छिटोछिटो कार्बोहाइड्रेट खाने र राम्ररी सफाइ नगर्नेसँग छ। त्यसैले केटाकेटीमा यो बढी देखिन्छ, जसले बढी चकलेट वा गुलियो कुरा खाइरहन्छन्। यसले दाँतमाथि आक्रमण गरेर पहिले क्याल्शियमलाई घुलनशील बनाएर कैभिटी बनाउँछ। त्यसमा खानाको थप डेब्रिस जम्मा हुँदै जान्छ र कैभिटी बढ्दै जान्छ। सचेत मानिस चिकित्सककहाँ पुग्छ र चिकित्सकले मिलायेर कैभिटी भरिदिन्छन् ताकि थप डेब्रिस त्यसमा प्रवेश पाउन नसकोस्। हेला गरियो भने त्यो कैभिटी बढ्दै जब पल्प कैभिटीसम्म पुग्छ, तब दाँतलाई उखेल्नुबाहेक केही उपाय रहँदैन। डेन्टल अब्सेस र जिन्जिभाइटिस पनि दाँतको रोग अन्तर्गत नै आउँछन्। जिन्जिभाइटिस मतलब पाइरिया जुन भिटामिन सीको कमी र कुपोषणले हुन्छ। मालओक्लुजनमा हामीले के हेर्छौं भने मुख बन्द गर्दा माथिको दाँत तलको दाँतसँग मिलेको हुँदैन। कसैको माथिको दाँत बाहिर निस्केको हुन्छ भने कसैको तलको। यो प्रायः अनुवांशिक हुन्छ वा दूधे दाँत झरेपछि स्थायी दाँत राम्ररी बाहिर नआएकोले हुन्छ। यो कस्मेटिक उपचारको भागमा आउँछ। बुढेसकालमा सबै दाँत झरेपछि कस्मेटिक डेन्चर पनि पाइन्छ, जसबाट प्राकृतिक दाँत जस्तो चपाउन सकिंदैन। त्यस कारण आज वैज्ञानिकले झरेको दाँतलाई फेरि उमार्ने उपायमा लागेका छन्। यो भयो भने त्यो धेरै क्रान्तिकारी हुनेछ किनभने दाँतको महत्त्व सर्वाधिक छ। अस्तु।

# सम्पूर्ण घेराबन्दी चिर्दै विरासतलाई कायम राखे प्रभु साहले

प्रस, गरुडा, ९ मङ्सिर/

रौतहट क्षेत्र नम्बर ३ बाट प्रभु साह प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन्।

सम्पूर्ण पार्टीको घेराबन्दी चिर्दै स्वतन्त्र उम्मेदवार साहले जितको आफ्नो विरासतलाई कायम राखेका छन्।

नेकपा एमाले, नेपाली काङ्ग्रेस, जसपा, लोसपा, नेकपा माओवादी केन्द्रलगायत दलले चारैतिरबाट घेराबन्दी गरेको र नेकपा एसका स्थानीय नेताहरूले पनि खुलेरै अवरोध गरेको अवस्थामा साह सवा सात हजार मतान्तरको फराकिलो जित हासिल गर्न सफल भए।

२०६४ सालदेखि निरन्तर संविधान सभा सदस्य तथा प्रतिनिधिसभा सदस्यमा आफ्नै गृह क्षेत्र रौतहट ३ बाट निर्वाचित हुँदै आएका साहलाई यसपटकको निर्वाचन निकै कठिन हुने बताइएको थियो।

नेकपा एमालेको टिकट पाएर पनि स्वतन्त्र उम्मेदवारी दिएका साहविरुद्ध नेपाली काङ्ग्रेसका बागी उम्मेदवार उद्योगी ओमप्रकाश जयसवाललाई एमालेले आधिकारिक उम्मेदवार घोषणा गरेको थियो भने उनलाई नेपाली काङ्ग्रेस र जसपाको पूर्ण समर्थन रहेको थियो। लोसपाका स्थानीय नेता पनि जयसवालकै पक्षमा खुलेर लागेका थिए।

नेकपा माओवादी केन्द्रले विज्ञप्ति निकालेर साहलाई समर्थन गरेको भए पनि अधिकांश नेता तथा कार्यकर्ता माओवादी उम्मेदवार धीरेन्द्र पटेलकै पक्षमा रहेका थिए।

कुनै पनि पार्टीको आडभरोसाभन्दा नितान्त आफ्नै बलमा चुनावमा होमिएका साहले निरन्तर जीतको विरासत कायम राख्दा देशमा एक चर्चित नेताको रूपमा स्थापित हुन पुगेको उनका पूर्व स्वकीय सचिव विजय यादव निर्बीजले बताएका छन्।



तस्वीरः प्रतीक

# विजयी उम्मेदवारहरू प्रमाणपत्र वितरण

धर्मेन्द्र चौरसिया, पोखरिया, ९ मङ्सिर/

हालै सम्पन्न सङ्घ र प्रदेशको निर्वाचनमा विजयी भएका उम्मेदवारहरूलाई एक कार्यक्रमबीच प्रमाणपत्र वितरण गरिएको छ।

निर्वाचन कार्यालय पोखरियाले आयोजना गरेको प्रमाणपत्र वितरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षकद्वय रमेश बस्नेत तथा तेजकुमार पोखरेल, पोखरिया नगरपालिकाका प्रमुख अधिकृत अशोक रौनियारलगायतको उपस्थिति रहेको थियो।

निर्वाचन अधिकृत राजेश श्रेष्ठले पर्सा निर्वाचन क्षेत्र ४ का सङ्घीय सांसद रमेश रिजाल तथा 'ख'का निर्वाचित उम्मेदवार सिंहासनसाह कलवारलाई प्रमाणपत्र वितरण गरेका थिए। पर्साका ४ निर्वाचन क्षेत्रमध्ये क्षेत्र ४ र ३ को मतगणना पोखरिया, उच्च माविमा भएको थियो।




तस्वीरः प्रतीक

## असहायलाई कम्बल वितरण

प्रस, वीरगंज, ९ मङ्सिर/

उपकार सेवा नेपालले असहायहरूलाई कम्बल वितरण गरेको छ।

जाडो याममा न्यानो कपडाबाट कोही पनि वञ्चित नहोऊन् भन्ने अभिप्रायले वीरगंज महानगरपालिका-१९ मिथिलानगर, वडा नं ४ भगवतीटोल र वडा नं २ लक्ष्मीनारायणटोलका ५५ जनालाई कम्बल वितरण गरिएको संस्थाका सज्जन अग्रवालले बताए।

संस्थाकी अध्यक्ष विद्यादेवी सरावगीले कम्बल वितरण गरेकी थिइन्। कार्यक्रममा सामाजिक कार्यकर्ता ओमप्रकाश सर्राफलगायतको सहभागिता थियो।

## हतियार प्रहार गरी २ लाख लुटे

प्रस, रक्सौल, ९ मङ्सिर/

सीमावर्ती भारतीय बजार रक्सौलमा व्यापारीलाई अज्ञात अपराधी समूहले धारिलो हतियार प्रहार गरी दुई लाख लुटेको समाचार प्राप्त भएको छ।

स्थानीय प्रहरीले दिएको सूचना अनुसार बिहीवार राति ८ बजे अनिल कुमार खेतानलाई अपराधी समूहले पछाडिबाट छुरा प्रहार गरी उनीसँग रहेको बैग लुटी भागेको भारतीय प्रहरीले जनाएको छ।

घाइते खेतानको उपचार रक्सौलमा हुन नसक्दा वीरगंज मेडिसिटी वयोधा अस्पताल ल्याइएको छ। खेतान पसल बन्द गरी वीरगंज आउने क्रममा भारतीय आयल कार्पोरेशनको आइरन गेट आगाडि दुईवटा मोटरसाइकलमा आएका व्यक्तिले नियन्त्रणमा लिई रकम लुटेको समाचार स्रोतले जनाएको छ।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## विश्वकप फूटबल प्रतियोगिता : इरानद्वारा वेल्स पराजित

काठमाडौं, ९ मङ्सिर/रासस

इरानले वेल्सलाई पराजित गर्दै कतारमा जारी फिफा विश्वकप फूटबलमा पहिलो जित दर्ता गराएको छ।

कतारको अहमद बिन अलि स्टेडियममा शुक्रवार भएको खेलमा वेल्सलाई २-० गोल अन्तरले हराउँदै इरानले पहिलो जित दर्ता गरेको हो। इरानको जितमा रौजबेह चेस्मी र रामिन रिजाइनले समान एक/एक गोल गरे।

दुवै गोल खेलको दोस्रो हाफको अतिरिक्त समयमा भएको थियो। खेलको ९८औं मिनेटमा चेस्मीले गोल गर्दै इरानलाई सुरुआती अग्रता दिलाएका थिए।



त्यसपछि खेलको १०१औं मिनेटमा रामिनले गोल गर्दै इरानलाई २-० को जित दिलाए।

यस्तै खेलको ८६औं मिनेटमा वेल्स १० खेलाडीमा समेटिएको थियो। इरानका तारेमी मेहदीलाई पेनाल्टी क्षेत्रबाहिर फउल गरेपछि भीएआरको सहायताले रेफ्रीले वेल्सका गोलकिपर वायन हेनेसीलाई रातो कार्ड दिँदै मैदान बाहिर पठाएका थिए।

यस जितसँगै इरानले दुई खेलमा तीन अङ्क जोडेको छ। इरानले नकआउट चरणमा पुग्ने सम्भावना कायम राखेको छ। पहिलो खेलमा इरान इङ्गल्यान्डसँग ६-२ ले पराजित भएको थियो।

वेल्सले दुई खेलमा एक अङ्क जोडेको छ। वेल्स पहिलो खेलमा अमेरिकासाग एक/एक गोलको बराबरीमा रोकिएको थियो।

### ब्रजीलले सर्बियालाई हरायो

पाँचपटकको विश्वकप च्याम्पियन ब्रजीलले कतारमा जारी फिफा विश्वकप फूटबलमा सर्बियालाई पराजित गर्दै विजयी सुरुआत गरेको छ। कतारको लुसाइल स्टेडियममा आज बिहान भएको खेलमा सर्बियालाई २-० गोलअन्तरले हराउँदै ब्रजीलले विजयी सुरुआत गरेको हो। ब्रजीलको जितमा दुवै गोल रिचार्लिसनले गरे।

उनले खेलको ६२औं मिनेटमा गोल गर्दै ब्रजीललाई सुरुआती अग्रता दिलाएका थिए। त्यसपछि खेलको ७३औं मिनेटमा रिचार्लिसनले व्यक्तिगत दोस्रो गोल गर्दै ब्रजीललाई २-० को जित दिलाए। जितसँगै समूह 'जी' को ब्रजीलले पहिलो खेलमै तीन अङ्क जोडेको छ।

### रोनाल्डोको कीर्तिमानी गोलको मदतमा पोर्चुगलद्वारा घाना पराजित

कतारमा जारी विश्वकप फूटबल प्रतियोगितामा पोर्चुगलले घानालाई ३-२ गोलअन्तरले पराजित गरेको हो।

पहिलो हाफसम्म दुवै टोलीले गोल गर्न सकेनन्। मध्यान्तरपछि खेलको ६५औं मिनेटमा क्रिस्टियानो रोनाल्डोले पेनाल्टीमार्फत गोल गर्दै पोर्चुगललाई सुरुआति अग्रता दिलाएका थिए। घानाका मोहमदले रोनाल्डोलाई पेनाल्टी क्षेत्रभित्र फउल गरेर लडाएपछि पोर्चुगलले पेनाल्टी पाएको हो। रोनाल्डो सहभागी भएको यो पाँचौं विश्वकप हो। उनी लगातार पाँचवटा विश्वकप खेल्दै गोल गर्ने कीर्तिमानी खेलाडी बनेका छन्। रोनाल्डोले यसअघि सन् २००६, २०१९, २०१४ र २०१८ मा भएको विश्वकप फूटबल प्रतियोगिता पनि खेलेका थिए।

यस्तै खेलको ७३औं मिनेटमा घानाका आन्द्रे एयुले गोल गर्दै खेललाई १-१ को बराबरीमा पुऱ्याए। लगत्तै खेलको ७७औं मिनेटमा जोआ फेलिक्सले गोल गर्दै पोर्चुगललाई २-१ को अग्रता दिलाए। खेलको ७९औं मिनेटमा राफायल लियोले गोल गर्दै पोर्चुगललाई ३-१ को अवस्थामा पुऱ्याए। यसैगरी खेलको ८९औं मिनेटमा घानाका ओस्मान बुकारीले गोल गर्दै पोर्चुगलमाथि दवाब सिर्जना गरे। घानाले अन्तिम समयसम्म बराबरीको प्रयास गरे पनि पोर्चुगललाई हराउन भने असफल भयो। पोर्चुगलले ३-२ गोलका साथ खेल आफ्नो पक्षमा पाऱ्यो। जीतसँगै समूह 'एच' मा रहेको पोर्चुगलले तीन अङ्क जोडेको छ। पोर्चुगल आफ्नो समूहको शीर्ष स्थानमा रहेको छ।



### रौतहटले गरायो सबै....

काङ्ग्रेसका मधेस प्रदेश अध्यक्ष कृष्णप्रसाद यादवले बाजी मारेका छन्।

रौतहट क्षेत्र नम्बर २ (क)मा नागेन्द्र प्रसाद सिन्हना जितेकामा यसपटक एमालेका जैद राजाले प्रदेशसभामा प्रतिनिधित्व गर्न पाएका छन्।

यसैगरी २ (ख)मा रामकिशोर यादवको साटो नेकपा एसका कनिश पटेलले बाजी मारेका छन्।

रौतहट क्षेत्र नम्बर ३ (क)मा नागेन्द्र राय यादवको साटो केशवराय चौधरीले सहज जित निकालेका छन्।

३ (ख)मा कुन्दनकुमार कुशवाहाले चुनाव जितेका थिए भने यसपटक नेपाली काङ्ग्रेसका जिल्ला अध्यक्ष सुनीलकुमार यादव जितेन्द्रले बाजी मारेका छन्।

रौतहट क्षेत्र नम्बर ४ (क)मा धनलाल थोकरले चुनाव जितेका थिए, यसपटक नेकपा माओवादीका युवराज भट्टराई समीरले बाजी मारेका छन्। ४ (ख)मा भने फुलबाबु पुनः बाजी मार्न सफल भएका छन्।

रौतहटका नागरिकले सबै पुराना शक्तिलाई सम्मान गर्दै एकजना स्वतन्त्रलाई पनि पठाएकोमा बुद्धिजीवीहरूले सबैको सम्मान गर्ने जिल्लाको रूपमा रौतहटलाई मानेका छन्।

२०७४ को चुनावमा रौतहटले जसपालाई सबैभन्दा ठूलो पार्टी बनाएकोमा यसपटक नेपाली काङ्ग्रेसलाई बनाएको छ।

प्रदेशसभामा रौतहटबाट नेपाली काङ्ग्रेसका ३ तथा नेकपा एमाले, नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र, जसपा नेपाल र स्वतन्त्र गरी एक एकजना निर्वाचित भएका छन्।

# सवारी दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, वीरगंज, ९ मङ्सिर/

सर्लाहीको ईश्वरपुरमा बिहीवार राति भएको सवारी दुर्घटनामा दुईजनाको मृत्यु भएको र दुईजना घाइते भएका छन्।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको ईश्वरपुर नगरपालिका-१२ बाँके जङ्गलमा राति दुईवटा मोटरसाइकल ठोकिँदा मोटरसाइकलमा सवार पर्सा जिल्ला मिर्जापुर निवासी ३८ वर्षीय प्रहरी हवल्दार बाबुलालप्रसाद साह र पकहामैनापुर गाउँपालिका-१ का २७ वर्षीय रामलोचनकुमार पटेलको मृत्यु भएको प्रहरी निरीक्षक ईश्वर कार्कीले बताए।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश नम्बर २-०२-००३ प ९१७८ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको स ९ प १५९१ नम्बरको मोटरसाइकल एकापसमा ठोकिँदा प्रदेश २-०२-००३ प ९१७८ नम्बरको मोटरसाइकलका चालक र पछाडि बसेका दुईजनाको मृत्यु भएको प्रनि कार्कीले बताए।

सोही दुर्घटनामा अर्को मोटरसाइकल चालक र त्यसमा सवार सिरहा, करजनहा नगरपालिका-११ निवासी ५० वर्षीय चन्देश्वर महतो र निजकी ४५ वर्षीया पत्नी जयन्तीदेवी महतो घाइते भएका छन्। घाइते दुवैको लालबन्दी नगरपालिका, नवलपुरस्थित अस्पतालमा उपचार भइरहेको छ।

सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा निश्शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं।

२०७९ मङ्सिर ९ गतेदेखि मङ्सिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड